

# रेमिट्यान्सको रङ्ग

दशैं विशेष



# परदेशबाट आउने खुसी



मदनकुमार श्रेष्ठ

> वैदेशिक रोजगारीको एउटा पाटो र प्रतीक दुखद् छ, पीडादायी छ । घर छोडेर विदेशिनु अनि कयौले उतै ज्यान गुमाउँदा परिवारमा पर्ने बज्रपातको दुखद् कहानी संभवत: कुनै साहित्यले समेट्न सक्दैन । तर अहिले नेपाली समाज जसरी हाँसिरहेको छ, बाँचिरहेको छ, त्यसमा रेमिट्यान्सको सवैभन्दा ठूलो योगदान छ ।



चालु आर्थिक वर्ष २०७९/०८० को पहिलो महिना नै कीर्तिमान बन्नेगरी रेमिट्यान्स आप्रवाह भयो । नेपाल राष्ट्र बैंक आर्थिक अनुसन्धान विभागले प्रकाशन गरेको प्रतिवेदन अनुसार, एक महिनामै १ खर्ब १६ अर्ब रुपैयाँ रेमिट्यान्स भित्रिएको छ । यो तथ्याङ्क रेमिट्यान्सबाट एकैमहिनामा भित्रिएको अहिलेसम्मकै उच्च हो । अघिल्लो आर्थिक वर्ष साउनलाई आधार मान्ने हो भने २५.८ प्रतिशतले रेमिट्यान्स बढेको हो । अघिल्लो साउनमा ९२ अर्ब २१ करोड रुपैयाँ रेमिट्यान्स भित्रिएको थियो ।

यसअघि उच्च अंकमा रेमिट्यान्स भित्रिएको महिना थियो, २०७९ फागुन । त्यो महिना १ खर्ब ९ अर्ब रेमिट्यान्स भित्रिएको थियो । तीन वर्षअघि एकै महिना एक खर्ब रेमिट्यान्स भित्रिएको महिना भने २०७७ साल साउन थियो । त्यसपछि ओरालो लागेको रेमिट्यान्स पछिल्लो ९ महिना लगातार एक खर्ब भन्दा माथि छ ।

राष्ट्र बैंकले निकालेको निष्कर्षका आधारमा भन्दा कोरोना महामारीले रोकिएको वैदेशिक रोजगारी खुलेकाले रेमिट्यान्स बढेको हो । गत साउनकै तथ्याङ्क अनुसार, एक महिनामै ३९ हजार १५२ जनाले श्रम स्वीकृति लिएका छन् । श्रम स्वीकृति लिने संख्या पनि अघिल्लो साउन भन्दा धेरै हो । गत वर्ष साउनमा भन्दा यसपटक १२.१ प्रतिशत बढीले श्रम स्वीकृति लिएको राष्ट्र बैंकले जनाएको छ ।

मुलुकका लागि रेमिट्यान्स कति अर्थपूर्णपूर्ण बनिरहेको छ भन्ने बुझ्न यो संक्षिप्त तथ्य आफैमा पर्याप्त छ । १७ खर्ब ५१ अर्ब ३१ करोडको बजेट पारित भएको मुलुकमा एकै महिना एउटै शीर्षकबाट १ खर्ब १६ अर्ब रकम भित्रिएको छ ।

रेमिट्यान्स आफैमा सरकारको स्रोत हुँदैन, तर अप्रत्यक्ष रुपमा राज्यले संकलन गर्ने बजेटमा यसको ठूलो हिस्सा रहन्छ। अझ रेमिट्यान्सको मूख्य क्षेत्र वैदेशिक रोजगारी भएकाले पनि यो रकम सामान्य नागरिकको हातमा पुग्छ । उनीहरुले उपयोग गर्ने सामग्रीमा हुने खर्च र प्रत्यक्ष/अप्रत्यक्ष करमा पनि रेमिट्यान्सकै योगदान रहने कुरा लगभग निर्विवाद छ ।

अझ राष्ट्र बैंकको पछिल्लो प्रतिवेदन अनुसार, रेमिट्यान्सको ७० प्रतिशत हिस्सा उपभोगमा खर्च हुने गरेको छ । रेमिट्यान्सको ३० प्रतिशत रकम मात्रै अन्य उत्पादन/पुनर्उत्पादनको क्षेत्रमा खर्च हुने गरेको छ। त्यसैले पनि रेमिट्यान्स नेपालीको खुसीसँग जोडिएको छ ।

राष्ट्र बैंकको प्रतिवेदन अनुसार, मुलुकको कुल ग्राहस्थ उत्पादनमा रेमिट्यान्सको योगदान २३.३ प्रतिशत छ । देखिनेगरी मुलुकको आर्थिक विकासमा पुगेको योगदानको हिस्सा २३.३ प्रतिशत भएपनि अरु क्षेत्रमा पुगेको योगदानको एकीकृत हिसाब संभवत: अझै फराकिलो हुनेछ ।

## नयाँ लाहुरे

नेपाली युवा रोजगारीका लागि विदेशिने संस्कृतिको थालनि भने दुई सय वर्ष पुरानो हो। १९औं शताब्दीमा अहिलेको पाकिस्तानमा पर्ने लाहोरमा सिख शासकको सेनामा भर्ती भएर सुरु नेपाली युवा विदेशिन थालेका थिए। त्यही लाहोर शब्द पछि लाहुरे संस्कृति बन्न गयो ।

सिख शासकको सेनामा भर्ती हुने नेपाली सुगौली सन्धीपछि ब्रिटिस शासकसँग सम्झौता गरी युद्धमा भाग लिन थाले । ब्रिटिस सेनामा भर्ती भएर विश्वयुद्ध लड्दा नेपालीहरुको पहिचान र अस्तित्वको अन्तर्राष्ट्रिकरण पनि भयो । ठूला युद्धहरुमा भाग लिएर नेपालीले बीरता देखाए ।

युद्धमा लडेका नेपालीलाई ब्रिटिसले आज पर्यान्त भर्ना लिन छोडेका छैनन् । भारत स्वतन्त्र भएपछि नेपाली युवाहरु त्यही भारत, ब्रिटिस र सिंगापुरमा भर्ती हुन थाले। त्यो निरन्तरता नेपाली समाजमा धेरै पछिसम्म रह्यो।

राजनीतिक कारणले विदेशी शासकसँग सम्झौता गरी लाहुरे बन्न थालेका नेपाली युवाहरुको प्रभाव मुलुकको आर्थिक, सामाजिक र सांस्कृतिक क्षेत्रमा जबर्जस्त पर्दै आयो । गीतसंगीत, संस्कृति र सामाजिक रुपान्तरणमा लाहुरे संस्कृति एउटा मिथ बनेर विकास भयो ।

दोस्रो विश्वयुद्धपछि संसार औद्योगिक विकासतर्फ होमियो । पहिले युद्ध लड्न लाहुर भर्ती हुने नेपाली अब विश्व श्रम बजारमा जान थाले । विश्व श्रम बजारमा जान अन्तर्राष्ट्रिय परिस्थितिले मात्रै हुन्थेन, त्यसका लागि मुलुकको राजनीति र कुटनीति समेत बदलिन आवश्यक थियो । राणा, राजा र पञ्चायती व्यवस्थामा मुलुकको पूर्वाधार विकास मात्रै अवरुद्ध थिएन, नेपालीहरु खुलेर बाहिर निस्कन सकेका थिएनन् ।

जब पञ्चायतको अन्त्य भएर मुलुकमा प्रजातन्त्र पुनर्बहाली भयो, तब नेपालीहरु मुलुकको सीमाना नाघेर बाहिर निस्किए । अध्ययन र कुटनैतिक प्रयोजनका निम्ति मुलुक बाहिर जाने बाहेक श्रमका निम्ति युवाहरु विदेशिन थाले । अहिले संसारका ९० भन्दा बढी मुलुकमा नेपालीहरु रोजगारीका निम्ति जान्छन् ।

राष्ट्रिय जनगणना २०७८ अनुसार, २१ लाख ६९ हजार ४७८ व्यक्तिहरु विदेशमा छन् । त्यसमध्ये १७ लाख ६३ हजार ३१५ जना पुरुष र ४ लाख ६ हजार १६३ महिला छन् । पुरुषको तुलनामा महिला संख्या थोरै भएपनि औपचारिक आम्दानी गर्ने कार्यमा उनीहरु जोडिएको प्रमाण पनि हो ।

विदेशिने यो संख्यामा छिमेकी मुलुक भारतमा जाने ठूलो संख्याका नेपाली पर्दैन । किनकि उनीहरु छोटो समय जान्छन् र फर्किहाल्छन् । त्यसैले हिउदमा गएर वर्षायाममा परम्परागत पेशाका लागि फर्कन्छन् । तर उनीहरुले ल्याउने रकम पनि मुलुकका निम्ति ठूलो हिस्साका रुपमा मान्न सकिन्छ ।

## पैसाले ल्याउने खुसी

रेमिट्यान्सबाट आउने पैसालाई अर्थतन्त्रमा पुग्ने योगदानका रुपमा मात्रै लिने हो भने त्यो पुरा परिभाषा हुँदैन। किनकि विदेशिनेहरुले पैसा मात्रै ल्याउँदैनन्। उनीहरुले ल्याउने भौतिक वस्तु अर्को महत्वपूर्ण पाटो हो । लाहुर जानेले पहिलेपहिले राम्रो पोशाक ल्याउथे । त्यसले हाम्रो जीवनशैली र संस्कृतिमा परिवर्तन ल्याएको थियो ।

अहिले पनि धरान, पोखरा, बुटवल जस्ता शहरलाई नेपाली संस्कृतिमा परिवर्तन ल्याउने शहर मानिन्थ्यो । किनकि उनीहरुले संसारका आधुनिक समाजले लगाउने पोशाक आफन्तका निम्ति ल्याइदिन्थे । उनीहरुको सिको अरुले गर्थे ।

बिस्तारै टेलिभिजन सेट आउन थाल्यो । सूचना र सञ्चारको क्षेत्रमा त्यसले सहयोग पुग्यो । मुलुकमै टेलिभिजन खुल्यो, आफ्नै संगीत र सूचना सामग्री उत्पादन हुन थाल्यो । अहिले आममान्छेको हातहातमा रहेको स्मार्ट फोनमा रेमिटेन्सकै योगदान छ । अर्को शब्दमा भन्दा सरकारले जसरी ९० प्रतिशत भूभागमा विजुली र इन्टरनेटको पहुँज बिस्तार भएको तथ्य निकालिरहेको छ, त्यसमा रेमिट्यान्सको ठूलो योगदान छ ।

हातहातमा पुगिरेहेको स्मार्ट मोबाइलले संसारसँग नेपालको कुनाकन्दारालाई जोडिरहेको छ । त्यसैपनि कम विकसित मुलुकका निम्ति रेमिट्यान्स भौतिक विकास, जीडीपी, प्रतिव्यक्ति आम्दानी बृद्धि, बित्तीय पूँजीको विकाससँगै स्वास्थ्य र शिक्षाको गुणस्तर बृद्धिमा सहयोगीसिद्ध बन्ने विश्व बैंकका विभिन्न प्रतिवेदनहरुले देखाउँछ ।

हाम्रो सन्दर्भमा मुलुकलाई सामान्य अवस्थामै टिकाइरहन पनि रेमिट्यान्सको प्रशंसनीय योगदान छ। यदि वैदेशिक रोजगारीकै निम्ति युवाहरु विभिन्न मुलुक पुग्थेन भने त्यसले मुलुकको राजनीतिक कोर्समै असर पार्ने थियो । अझ कोरोना महामारी, महाभूकम्प र नाकाबन्दी जस्ता ठूलो संकटबाट मुलुक धरायसी बन्नेमा संकोच मान्न सकिन्न । तर जोखिम मोलेर विदेश जाने युवाहरुले जस्तोसुकै संकटमा पनि मुलुकको अर्थतन्त्र जोगाइरहेका छन् । अझ त्यस भन्दा बाहिर विदेशमा रहँदा/बस्दा सिकेको सीप र भएको व्यक्तित्व विकासले मुलुकलाई लाभ पुगिरहेको छ ।

यद्यपि रेमिट्यान्स नेपाल ल्याएर परिवार र समाजलाई खुसी बनाइरहँदा त्यहाँ भोगेको दुखको पाटो भयावह छ । हिजो लाहुरे हुँदा मार्न र मर्ने घटनाले परिवार आँशुमा डुब्थे । परिवारले रोएरै लाहुर जानेलाई विदा गर्थे । कति घर फर्कन्थे, कति फर्कदैनथे । बाँचेर फर्कनेले खुसी बोकेर फर्कन्थे, तर मरेर जानेहरु दु:खका स्रोत हुन्थे । उनको परिवार लगभग विघटनकै अवस्थामा पुग्थ्यो ।

आज पनि विदेशिनेहरुले खुसी मात्रै लिएर फर्कदैनन्, कयौ त उतै बिलाउँछन् । यो दु:खद् पक्षलाई दशैं, तिहार, छठ जस्ता चाडबाडले झनै चोट थपिदिन्छ । त्यसैले मुलुक र समाजलाई सन्तुलन मिलाइराख्ने रेमिट्यान्स भित्र्याउनेहरु उतै बिचल्ली परे, उनीहरुको परिवारबारे राज्यले सोच्न आवश्यक छ । किनकि राज्य भनेको नागरिकको खुसीमा रमाउने मात्रै नभएर दु:खमा साथ दिने दायित्वमा पनि हुनुपर्छ ।






रेमिट्यान्सको रङ्ग

दशैं विशेष



# रोजगारीका फोस्रा नारा



अच्युतप्रसाद पौडेल 'चिन्तन'

वैदेशिक रोजगारमा जानेहरुको संख्याले कीर्तिमानी रुप लिइरहँदा सरकारले मुलुकभित्रै रोजगारी सिर्जना गर्ने कार्यक्रमलाई प्रभावकारी बनाउन सकेको छैन । कतिपय कार्यक्रम प्रचार बढी, तर रोजगार सिर्जनामा पूर्णत: असफल देखिएको छ ।



देश नागरिक निर्यातकर्ता बनेको छ । नेपालीहरू विदेशिँदा साउन-भदौमा मात्रै ठूलै रकम जोहो भएको छ । विप्रेषण उकालो लाग्दैछ, अघिल्लो आवमा मात्रै ७ लाख ७१ हजार ३१७ जनाले देश छोडेछन्, वैदेशिक रोजगारी पाउने नाममा ।

भर्खरैको साउन-भदौमा यो संख्यामा केही कमी देखिए पनि विप्रेषणमा भने कमी छैन । यसै साउनमा १ खर्ब १६ अर्ब रकम भित्रिएको छ ।  अहिलेको साउनमा वैदेशिक रोजगारीका लागि नयाँ श्रम स्वीकृति लिनेको संख्या ३९ हजार ५२ रह्यो, गत वर्षको श्रावणको भन्दा यो संख्या १२.१ प्रतिशतले कमी हो । यतिबेला पुन: श्रम स्वीकृति लिनेको संख्या पनि १९.५ प्रतिशतले घटेको तथ्यांक सार्वजनिक भएको छ । जबकी गत वर्षको साउनमा पुन: श्रम स्वीकृति लिनेको संख्या ७५.५ प्रतिशतले बढेको थियो ।

यस्तो बढ्दो दरलाई रोक्ने उद्देश्यले प्रधानमन्त्री रोजगार कार्यक्रम सरकारले ल्याएको थियो ।  पाँच वर्षे कार्यक्रमको ३ वर्षमै १६ अर्ब ९३ करोड ९० लाख रकम निकासा र खर्च पनि भयो । तर विनियोजित रकम १९ अर्ब ७१ करोड त्यसमा प्रशासनिकतर्फ ठूलो रकम खर्चिएको कुरा महालेखा परीक्षकको प्रतिवेदनले पुष्टि गरेको छ । कार्यक्रमको प्रगति भने लक्ष्यको तुलनामा जम्मा ५.४१ प्रतिशत मात्र भयो । श्रमिकहरूको दुर्घटना बीमा बिना नै गरिएको यो खर्च दुई तिहाइको सरकारले गरेको थियो । र, प्राकृतिक हराभरा, अग्ला डाँडा काँडा भएको देशमा कम खर्चको पर्यापर्यटनको पर्याप्त सम्भावना हुँदाहुँदै कंक्रिटका उपलब्धीविहीन, अनुत्पादक भ्यूटावरहरुमा अर्बौं अर्ब रकम खर्च गरेको थियो । रोजगार कार्यक्रम र समृद्धिको सपना बाँड्ने सरकारले ५ वर्षका लागि २६ अर्ब ६२ करोड ३ लाख ७७ हजारको रकम अनुमान गरेको थियो । यसमा १८ देखि ५९ वर्षका बेरोजगार नेपालीहरूलाई वर्षमा कमसेकम सय दिनका लागि रोजगारी दिने लक्ष्यले ल्याएको थियो ।

सम्बन्धित पालिकाहरूमा बेरोजगार सूचीकृत हुनु पर्नेमा पहिलो वर्षमा १७ लाख १ हजार ५७१ जना सूचीकृत मध्ये १ लाख ८८ हजार ३६७ जनाले औसत १२.४३ दिनको रोजगारी पाए भने दोस्रो वर्ष ०७६/०७७ मा ३ लाख ८९ हजार ३१४ जना बेरोजगार सूचीकृत हुँदा १ लाख ३ हजार ५०० जनाले औसत १५.८५ दिनको रोजगारी पाए ।

तेस्रो वर्ष ७ लाख ५३ हजार १६३ जना बेरोजगार सूचीकृत भएकोमा १ लाख ४६ हजार ३७९ जनाले औसत ५१.३४ दिनको मात्रै रोजगारी पाए । १५ जेठ २०७५ मा ठूलो तामझामका साथ घोषणा भएको यो कार्यक्रम सम्बन्धी दस्तावेज भने ७ महिना ढिलो गरी माघमा मात्र तयार भएको थियो । विगतदेखि चलिआएको कार्यक्रमलाई सुदृढ गरी कार्यक्रम सञ्चालन नगरिएको, जिम्मेवारीको अस्पष्टता, कार्यान्वयनको द्विविधा, हरेक वर्षमा प्रशासनिक खर्चमै ६ करोड ८३ लाख २८ हजार खर्च भएको कुरा मलेपको प्रतिवेदनले औंल्याएको थियो ।

तलब भत्ता र प्रशासनिक खर्चमै २ अर्ब १८ करोड २६ लाख २० हजार खर्च हुने देखिन्थ्यो । कार्यक्रमको दस्तावेजले हरेक वर्ष ७ लाखलाई रोजगारी दिने भन्यो, तर सम्बद्ध मन्त्रालयको वार्षिक कार्यक्रममा पहिलो वर्ष ३ लाखलाई, दोस्रो वर्ष र तेस्रो वर्ष क्रमश: २/२ लाखलाई रोजगारी दिने भन्यो ।

सामाजिक सुरक्षा ऐनले औषधोपचार, स्वास्थ्य, मातृत्व, दुर्घटना, अशक्तताको सुरक्षा, आश्रित परिवार, बेरोजगारको सुरक्षा सहायताको विषय स्पष्ट गरेको छ । ऐनले देशका ३५ लाख श्रमिकहरू समेटिने लक्ष्य राखेको छ । संविधान धारा ३४ मा श्रमको हकको व्यवस्था छ । हाल कोषमा केही बढी रकम जम्मा भएको भनिए पनि सम्बद्ध पक्षले पायो पाएन यकिन छैन । २०७५ मा देशमा ९ लाख २३ हजार उद्योग प्रतिष्ठानको अभिलेख थियो, त्यसमा कोषमा जम्मा श्रमिक अभिलेख १ लाखको मात्र देखिए । ■






















# गरिबी हटाउने रेमिट्यान्स



नरबहादुर थापा

> नेपालको पहिलो लेबर सर्वेक्षण सन् १९९६ का अनुसार, नेपालमा ४२ प्रतिशत गरिबी रहेको पाइन्छ, तर हाल रेमिट्यान्सले नै त्यसलाई घटाएर १७/१८ प्रतिशतमा झारेको छ ।

शिक्षित युवा र दक्ष जनशक्तिले आफ्नै देशमा क्षमता प्रदर्शन गर्न नपाउनु दुर्भाग्य हो । तर, वैदेशिक रोजगारीलाई त्यति नकारात्मक दृष्टिकोणले पनि हेर्न सकिँदैन । किनकि देशको अर्थतन्त्रमा रेमिट्यान्सको महत्वपूर्ण योगदान छ । २०५४ साल मंसिर १३ गतेलाई नेपालका लागि ऐतिहासिक दिन पनि मान्न सकिन्छ । त्यसदिन नेपाल सरकारले जिल्ला प्रशासन कार्यालयलाई पासपोर्ट जारी गर्ने अधिकार दिएको थियो । जसका कारण वैदेशिक रोजगारीमा जानेको संख्यामा वृद्धि भएको पाइन्छ ।

२०५८ बाट वैदेशिक रोजगारीमा जानेको संख्यामा अझै वृद्धि भयो । विगतका वर्षमा नेपाल सरकारले ११० वटा राष्ट्रमा मात्र श्रम स्वीकृति दिएको भएपनि केही वर्षयता दौत्य सम्बन्ध रहेका सम्पूर्ण देशमा श्रम स्वीकृति दिएको छ । साथै, वैदेशिक रोजगारमा जानेको व्यवस्थापन गर्न म्यानपावर कम्पनीलाई पनि स्वीकृति दिएको छ । यसकै सहयोगमा वैदेशिक रोजगारीको बाटो केही सहज र फराकिलो भएको पनि देखिन्छ । जसबाट विप्रेषण आप्रवाह बढेको छ ।

म्यानपावर कम्पनीकै कारण ठूलो जनसंख्या विदेश पलायन हुन सम्भव भएको छ । नेपालको बेरोजगारी न्यूनीकरणमा म्यानपावर कम्पनीको उल्लेखनीय योगदान छ । यसलाई संस्थागत रणनीतिको महत्वपूर्ण उदाहरणका रुपमा पनि लिन सकिन्छ । वैदेशिक रोजगारीमा मात्र नभई म्यानपावर कम्पनीले स्वदेशमा पनि कतिपयलाई रोजगारीको अवसर प्रदान गरेको छ ।

कतिपयले विदेशमै उद्योग, व्यावसाय सञ्चालन गरेका छन्, जसबाट नेपालको नाम विश्वमा चिनिन सफल भएको छ । योसँगै एनआरएनको संख्या पनि बढेको देखिन्छ । वैदेशिक रोजगारीमा गएका कामदारको ४० प्रतिशत रकम दैनिक उपभोग्य सामग्रीमा खर्चिएको देखिए पनि २५ प्रतिशत भने बचत भएको पाइन्छ । बाँकी रकम शिक्षा, स्वास्थ्य, घर, घरेडी लगात बस्तुमा प्रयोग भएको देखिन्छ । नेपालमा १५ खर्ब बराबरको विदेशी विनिमय सञ्चिति रहनुमा पनि विप्रेषणको महत्वपूर्ण हात छ । नेपालले आर्थिक वर्ष २०७९/८० मा १२ खर्ब २० अर्ब विप्रेषण आप्रवाह गरेको छ । जुन नेपालको कुल ग्राहस्थ उत्पादनको २२.६ प्रतिशत हुन आउँछ । वास्तविक अर्थतन्त्र अर्थात् कुल ग्राहस्थ उत्पादन भन्दा अझै ठूलो क्षेत्र त वित्तीय संस्थाहरुले समेटेको पाइन्छ । जसमा विप्रेषणकै भूमिका देखिन्छ ।



यसरी ठूलो संख्यामा विप्रेषण भित्रिँदा पनि सरकारले उत्पादन मूलक क्षेत्रमा लगानी गर्न भने सकेको छैन । सरकार सधैं अरूको आशमा बसेको देखिन्छ । विप्रेषणको केही अंश सरकारले अपर तामाकोशी (चार सय ५६ मेगावाट) जलविद्युत आयोजनामा खर्चेको छ । यो एउटा सफल उदाहरण हो । बाँकी रकम सदुपयोगका लागि सरकार आफै चुकेको देखिन्छ ।

ठूला ठूला औद्योगिक क्षेत्र सरकारले घोषणा गरेकै छ । जुन दमक, शक्तिखोर, मयुरधाप, रुपन्देहीको मोतिपुर, बाँकेको नौवस्ता र कञ्चनपुरको दैजीमा अवस्थित छन् । तर विकासको गतिलाई बढाउन नेपाल सरकार तत्पर देखिदैन । यतिमात्र नभई कृषिमा सिंचाई आयोजना, बोरिङ मेसिन जडान कार्यमा पनि विप्रेषणको प्रयोग सरकारले गर्न सक्थ्यो । औद्योगिक ग्राम, जलविद्युतको विकास, कोशी करिडोर, कर्णाली करिडोर, महाकाली करिडोर, गण्डकी करिडोर, मेची करिडोर जस्ता आार्थिक करिडोरमा विप्रेषणबाट भित्रिएको रकम मात्रै पनि प्रयाग गरे नेपालको गरिबी शून्यमा झर्छ ।

नेपालको पहिलो लेबर सर्वेक्षण सन् १९९६ का अनुसार, नेपालमा ४२ प्रतिशत गरिबी रहेको पाइन्छ, तर हाल रेमिट्यान्सले नै त्यसलाई घटाएर १७/१८ प्रतिशतमा झारेको छ । आन्तरिक लागतबाट विकासका काम गर्न हिचकिचाउने सरकारले नेपाली जनताको पसिनाको समेत कदर गर्न सकेको छैन । रेमिट्यान्सबाटै अर्थतन्त्र धानिनुमा सरकारले लज्जा महसुस गर्नुपर्छ । वैदेशिक रोजगारीमा खाडी जाने अशिक्षित नागरिकले पठाएको विप्रेषणले गरिबी न्यूनीकरण र बेरोजगारी घटाउनमा मद्दत गरेकै हो । तर हाल विश्वका विकसित राष्ट्रमा जानेको संख्या पनि ह्वात्तै बढेको छ । आव २०७९/८० मा मात्रै सात लाख नेपाली विदेशिएको तथ्याङ्क छ । जसबाट विप्रेषण त भित्रिन्छ नै, तर नेपालले दक्ष जनशक्ति पनि गुमाइरहेको छ ।

हाल केही मात्रामा अवैधानिक (हुण्डी) कारोबार पनि फस्टाएको देखिन्छ । हुण्डी फस्टाउनुका मुख्य कारण वैदेशिक रोजगारीमा रहेका कामदार कार्यरत क्षेत्रमा गुणस्तरीय प्रविधिको पहुँच नहुनु र औपचारिक रकम पठाउँदा लाग्ने उच्चदरको राजश्व हो । यस्तो किसिमको राजश्व राज्यबाट तिर्ने प्रावधान भए हुण्डी कारोबार सेलाउन सक्छ ।

रेमिट्यान्सले बैंक र वित्तीय संस्थामा प्रशस्त बचतको वातावरण सिर्जना नगरेको पनि होइन । यो पनि यसको सबल पक्ष हो । अझै नेपाल सरकारको राजस्व संकलनमा पनि रेमिट्यान्सले भूमिका खेलेको छ । प्रदेश र स्थानीय सरकारलाई अनुदान दिन समेत सरकारले विप्रेषणबाटै भित्रिएको रकमको प्रयोग गरेको छ । विप्रेषणको भरमा देश चलाउनु कुशल नेतृत्वकर्ताको निसानी भने होइन । ■

***(नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारी निर्देशक थापासँग मध्यान्हका लागि अस्मिता बमले गरेको कुराकानीमा आधारित ।)***
























# रेमिट्यान्सको रङ्ग

दशैं विशेष



# ‘वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत तथा व्यवहारिक दुवै कोणबाट सुधार गरिनु आवश्यक छ’



मोरङको बेलबारी नगरपालिका, बेलबारीमा २०३४ सालमा जन्मिएका व्यवसायी **रघुनाथ पुरी** किशोर अवस्था सकिँदा नसकिँदै वैदेशिक रोजगार व्यवसायमा लागे । व्यवसाय सञ्चालनका क्रममा पटकपटक हण्डर खाँदै अघि बढेका व्यवसायी पुरीले हिम्मत हारेनन् । त्यही हण्डर र ठक्करले व्यवसायी पुरीलाई आज एक सफल व्यवसायीको गर्विलो पहिचानको स्थानमा पुऱ्याएको छ । वैदेशिक रोजगार मात्रै नभइ व्यवसायी पुरी हाइड्रोपावर, होटल, टुरिज्म, आईटी, एग्रिकल्चर, हेल्थ केयर आदि क्षेत्रका व्यापार व्यवसायमा संलग्न र सफल छन् । पुरीले रिभर फाउण्डेशन नामक संस्था स्थापना गरेर सामाजिक सेवासमेत गरिरहेका छन् । उक्त फाउण्डेशनले मोरङका विभिन्न संस्थाहरुलाई एम्बुलेन्स, अन्य स्वास्थ्य सामग्री र आर्थिक सहयोग गरेका छन् । खेलाडीहरुलाई प्रोत्साहन गर्न विभिन्न सहयोग गरेका छन् । वैदेशिक रोजगारको क्षेत्रमा उनको परिचय नेपालबाट सबैभन्दा बढी कामदार विदेश पठाउने म्यानपावर कम्पनी द रिभर ओभरसिज प्रा.लि.को सञ्चालकको रुपमा स्थापित छ । वैदेशिक रोजगार विभागको तथ्यांकअनुसार आर्थिक वर्ष २०७९/०८० मा द रिभर ओभरसिजले ५ हजार ३ सय १३ जना पुरुष र २ सय ३३ महिला कामदार गरी ५ हजार ५ सय ४६ जनालाई वैदेशिक रोजगारमा पठाएर सबैभन्दा बढी कामदार वैदेशिक रोजगारमा पठाउने रिक्रुटिङ कम्पनीको पहिलो स्थान बनाएको छ । उनै व्यवसायी पुरीसँग वैदेशिक रोजगार र यससँग सम्बन्धित विषयमा गरिएको कुराकानीको सम्पादित अंश प्रस्तुत छ :

**वैदेशिक रोजगार व्यवसाय शुरू गरेपछि अहिलेसम्म कति युवायुवतीलाई वैदेशिक रोजगारमा पठाउनु भयो ?**

यो क्षेत्रमा लाग्को करिब २० वर्ष भएछ। यस अवधिमा ठ्याक्कै हिसाव गरिएको छैन, तर करिब एक लाख नेपाली दाजुभाइ दिदीबहिनीहरुलाई पठाइयो होला । हामीमार्फत गएका धेरै युवायुवती विदेशमा राम्रो काम गरेर सफल भएका छन् । आन्तरिकरुपमा पनि करिब दुई सय जनालाई रोजगारी दिइएको छ ।

**कुन–कुन देशमा कामदार पठाउनु भयो ?**

हाम्रो मुख्य गन्तव्य भनेकै साउदी अरब, कतार, यूएईलगायतका खाडी मुलुकहरु र मलेसिया नै हुन् ।

**वैदेशिक रोजगारका मागहरु कसरी खेज्नु हुन्छ ?**

हामीले कामदार पठाउने अधिकांश रोजगारदाता कम्पनीहरू विश्वसनीयताका दृष्टिकोणले अब्बल कम्पनीहरू छन् । हामीले रोजगारदाताहरुसँग सिधा सम्पर्क स्थापित गरेका छौं। कतिपय अवस्थामा रोजगारदाता कम्पनीका प्रतिनिधिहरू आफैं हाम्रो कम्पनीमा आएर कामदार छनोट गर्ने गरेका छन्। त्यसले गलत वा अयोग्य कामदार जाने र गन्तव्य मुलुकमा पुगेपछि फर्किने वा समस्यामा पर्ने सम्भावना न्यून छ ।

**नेपालमा वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्दा सहजता वा जटिलता कुन बढी छ ?**

नेपालमा विदेशी मुद्राको सञ्चित गर्ने प्रमुख माध्यम वैदेशिक रोजगारबाट प्राप्त हुने रेमिट्यान्स नै हो। सरकारले वैदेशिक रोजगारका क्षेत्रलाई व्यवस्थित गर्ने भन्दा हतोत्साहित गर्ने प्रकारका नियन्त्रणमुखी, केही अपारदर्शी र अव्यवहारिक निर्णय लिएको छ। बिना अध्ययन एकैचोटी फ्रि भिसा फ्रि टिकटको निर्णय लागू गरियो । तर व्यवसायीले पाउने सेवा शुल्क वैज्ञानिक भएन । यतिसम्म कि दक्षिण एशियाबाट कामदार पठाउने भारत, पाकिस्तान, बंगलादेशलगायतका अन्य मुलुकहरुमा के प्रबन्ध गरिएको छ भनेर अध्ययन गरिएन, व्यवसायीको हजारौं अनुरोधका बाबजुद उक्त अव्यवहारिक नीति परिमार्जन भएन । अनावश्यकरूपमा बढाइएको इजाजतपत्रको धरौटी तथा बैंक ग्यारेण्टीले आम व्यवसायीलाई आर्थिक भार थोपरेको छ। वैदेशिक रोजगारमा जाने श्रमिकहरुलाई रोजगार करारपत्रका आधारमा अन्तिम श्रम स्वीकृति दिइँदैन। त्यहाँपनि झन्झटिलो प्रक्रिया छ । नेपाली श्रमिकहरुका लागि आकर्षक मानिएका युरोपेली गन्तव्य मुलुकहरुको मागपत्र प्रमाणीकरणमा कुटनैतिक नियोगहरूमा चरम उदासिनता छ । व्यवसायीहरुले वैदेशिक रोजगारका क्षेत्रसँग सम्बन्धित अभिमुखीकरण तालिम तथा अन्य व्यवसाय सञ्चालन गर्न नपाउने गरी अनुचित प्रतिबन्ध लगाइएको छ। यसले व्यवसाय सञ्चालनमा जटिलताको पक्ष नै बढी देखाउँछ ।

**मन्त्री र वैदेशिक रोजगार विभागको महानिर्देशक परिवर्तन भएसँगै सुधारका कुरा हुने, तर सुधार भने खासै नहुने अवस्था छ। तपाई पनि नेपाल वैदेशिक रोजगार व्यवसायी संघको कार्यसमिति र सल्लाहकारमा रहेर काम गर्नुभयो, समस्या समाधान नहुने कारण के पाउनुभयो ?**

नेपाली अर्थतन्त्रको मेरूदण्डका रूपमा रहेको वैदेशिक रोजगार क्षेत्रलाई नीतिगत तथा व्यवहारिक दुवै कोणबाट सुधार गर्नु आवश्यक छ। श्रम बजारमा वार्षिकरूपमा आउने करिब पाँच लाख युवायुवतीलाई वैदेशिक रोजगारीको सिर्जना गरेर देशमा रहेको चरम बेरोजगार समस्याको समाधान र राष्ट्रिय अर्थतन्त्रमा महत्वपूर्ण योगदान दिएको अवस्था छ। तर व्यवसायीलाई सहजीकरण गर्नेभन्दा नियन्त्रण जस्तो अवस्थाको अनुभूति हुन्छ। वैदेशिक रोजगार ऐन तथा नियमावली संशोधन व्यवसायी भलाइ कोषको कार्यान्वयन, सेवा शुल्क परिमार्जनको विषयलाई तार्किक निष्कर्षमा पुऱ्याउने काम गर्न जरुरी देखिन्छ। यसमा सबैले जोड दिनुपर्छ। सुधार गर्ने सबैको इच्छा देखिन्छ, तर उचित तालमेल मिल्न सकेको छैन ।



रघुनाथ पुरी
अध्यक्ष द रिभर ग्रुप

**सुधारका लागि तत्कालै के–के गरिनुपर्छ ?**

वास्तवमा यो क्षेत्रले नेपाल र कामदार जाने मुलुक गरी दुई वटा देशको कानून पालना गरेर व्यवसाय सञ्चालन गर्नुपर्ने हुन्छ। नेपालबाट कामदार पठाउने प्रक्रियाको हकमा अहिले जाने कामदार र पठाउने व्यवसायी दुबैले दुःख सास्ती पाइरहेका छन्। नियम कानून पुरानै ढर्राको छ। यसलाई पूर्ण परिवर्तन गरेर डिजिटलाइज्ड गरिनु आवश्यक छ। सेवा शुल्क परिमार्जन, नयाँ गन्तव्य मुलुकहरूको खोजी, विदेशस्थित नेपाली दूतावासहरूमा कर्मचारी थपेर सेवा प्रवाहमा सहजता, वैदेशिक रोजगार ऐन र नियमावलीहरूलाई प्रविधिमैत्री हुने गरी सुधार गर्नुपर्छ। विदेशस्थित दूतावासको अहिलेकै ढिलासुस्ती यथावत रहने हो भने नेपाल आउने डिमाण्ड प्रभावित भइ त्यसले मुलुकले पाउने रेमिट्यान्समा पनि गम्भीर नकारात्मक असर पार्ने खतरालाई सबैले आत्मसात गर्नुपर्ने देखिन्छ ।



















# युरोपेली मुलुकको रोजगारीले रेमिट्यान्समा पार्ने प्रभाव



रेशमराज पौडेल

> नेपालको रेमिट्यान्सको मुख्य स्रोत साउदी अरेबिया, मलेसिया, भारत, कतार र संयुक्त राज्य अमेरिका हुन् । अब युरोपेली मुलुकसँग भएको श्रम समझदारीले रेमिट्यान्स रकम आप्रवाहमा थप योगदान दिने अपेक्षा गर्न सकिन्छ ।



असोज तेस्रो हप्ता नेपालले युरोपेली महादेशका दुई मुलुक रोमानिया र जर्मनीसँग श्रम समझदारी गरेर नेपालले परम्परागत वैदेशिक रोजगारीलाई नयाँ दिशा दिने प्रयास गरेको छ । यी दुई मुलुकसँग नेपालले गरेको श्रम समझदारीले नेपालको वैदेशिक रोजगारी क्षेत्रको परम्परागत सोचमा परिवर्तन ल्याएको छ । यसले रेमिट्यान्समा पनि गुणात्मक परिवर्तन ल्याउने देखिएको छ ।

परम्परागत कृषिले जीवन सञ्चालनमा कठिनाइ उत्पन्न भएपछि नेपालीहरूको वैदेशिक रोजगारमा जाने क्रमको शुरूवात भएको हो । हातमा सीप नभएको कारणले भारतमा खानी मजदुर, चौकीदार तथा सुरक्षागार्ड र भान्से हुँदै पञ्जावका खेतमा कृषि मजदुर हुदै वैदेशिक रोजगारको यात्रा जारी राखेका थिए । भारतको रोजगारीबाट अपेक्षित जिविका सञ्चालन नभइरहेको बेला नेपालीहरू खाडी मुलुकमा पेट्रोलियम पदार्थको उत्खनन भई जनशक्तिको माग भएपछि त्यसतर्फ आकर्षित भए ।

त्यसपछि मलेसिया, दक्षिण कोरिया र जापानजस्ता विकसित मुलुकमा नेपाली युवाहरू पुगे । विभिन्न क्षेत्रमा मजदुरी गरेका नेपालीहरू समयको अन्तरालमा व्यवसायी हुँदै अगाडि बढेका छन् । गैरआवासीय नेपालीको हालको विशाल सदस्य संख्या त्यसैको ज्वलन्त उदाहरण हो । उनीहरूले पठाएको रेमिट्यान्सले नेपाली अर्थतन्त्रको आकार विस्तार गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गर्‍यो ।

हाल प्रत्येक बर्ष नेपालललले प्राप्त गर्ने रेमिट्यान्स रकम नेपाली बजेटको हाराहारीमा पुगेको छ । यसका लागि विदेशमा काम गर्ने नेपालीसँगै नेपालका वैदेशिक रोजगार व्यवसायीको योगदान पनि महत्वपूर्ण रहेको छ । पछिल्ला दिनमा छिटोछिटो कमाउन चाहने केही व्यवसायी गैरजिम्मेवार प्रवृत्तिको कारण वैदेशिक रोजगार व्यवसायको व्यवसायिक स्वच्छतामा गैरसरकारी संस्था र सामाजिक क्षेत्रबाट प्रश्न उठाइएपनि नेपालको रेमिट्यान्सको हालको फराकिलो आयातनमा व्यवसायीको महत्त्वपूर्ण योगदान रहेको तथ्य लुकाएर लुकाउन नसकिने अवस्थामा पुगेको छ ।

वैदेशिक रोजगार नीति, २०६८ ले परम्परागत श्रम गन्तव्यको विविधीकरण गर्दै नेपालीलाई उच्च आय भएका मुलुकमा रोजगारी उपलब्ध गराउने विषयलाई जोड दिएको छ । यसको अर्थ परम्परागत रोजगार गन्तव्य खाडीमा नेपालीको परिश्रम बढी र आम्दानी कम भएको निष्कर्षमा गन्तव्य परिवर्तनका लागि जोड हो । पछिल्ला वर्ष श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले उच्च आय भएका युरोपेली मुलुकसँग श्रम समझदारी गरी नेपाली युवायुवतीलाई रोजगारीको अवसर उपलब्ध गराउने विषयमा जोड दिएको छ ।

सरकारले यसअघि खाडी र मलेसिया बाहेक उच्च आय भएका इजरायल, जापान, मरिसस लगायत देशसँग श्रम समझदारी गरेको छ । रोमानिया र जर्मनीसँग भएको श्रम समझदारी पछि नेपालको श्रम सम्झौता भएका मुलुकको संख्या १२ पुगेको छ । दुई देशबीच भएको समझदारीअनुसार बेलायतको स्वास्थ्य सेवामा जाने नेपाली स्वास्थ्यकर्मीको सेवासुविधा र अधिकार सबल बन्दा त्यसले रेमिट्यान्स बृद्धिमा गुणात्मक परिवर्तन गर्नेछ । बेलायतमा नेपाली स्वास्थ जनशक्तिलाई बेलायती स्वास्थ्यकर्मीसरह सेवा सुविधा हुने व्यवस्था मिलाइएको छ ।

यसले नेपालीले प्राप्त गर्ने रेमिट्यान्ससँगै नेपाली कामदारको आत्मविश्वास बढाउने छ भने भविष्यका दिनमा वैदेशिक रोजगारमा जाने नयाँ पुस्ताका लागि सीप र क्षमता विकासका लागि दवाव सिर्जना गर्नेछ । देशको कुल ग्राहस्थ उत्पादनसँगको तुलनामा रेमिट्यान्सको योगदानको सधैं तुलना हुने गरेको छ ।

नेपालको रेमिट्यान्सको मुख्य स्रोत साउदी अरेबिया, मलेसिया, भारत, कतार र संयुक्त राज्य अमेरिका हुन् । अब युरोपेली मुलुकसँग भएको श्रम समझदारीले रेमिट्यान्स रकम आप्रवाहमा थप योगदान दिने अपेक्षा गर्न सकिन्छ । ■






















# रेमिट्यान्सको कीर्तिमानी आकार



गम्भीर बहादुर हाडा

> संयुक्त राष्ट्रसंघले प्रकाशित गरेको एक रिपोर्टमा नेपाल रेमिटयान्समा भरपर्ने राष्ट्रहरुको सूचीमा अग्रभागमै छ । संयुक्त राष्ट्रसंघको कृषि क्षेत्रको विकासका लागि अन्तराष्ट्रिय कोषका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनको झण्डै ३२ प्रतिशत बरावरको रकम रेमिटयान्स मार्फत स्वदेश भित्रने गरेको छ ।



मानिस जीवनयापनको लागि विभिन्न प्रकारका क्रियाकलापमा संलग्न हुन्छन् । उनीहरुको कार्यप्रकृति, स्वभाव तथा त्यसको लागि आवश्यक सीप तथा क्षमताको आधारमा मिल्दोजुल्दो पेसालाई एकै समूहमा पर्नेगरी समूहकृत बनाउन सकिन्छ । यसले गर्दा विभिन्न आर्थिक क्रियाकलापमा संलग्न जनसङ्ख्याको विश्लेषणात्मक अध्ययन गर्न सजिलो हुन्छ, योजनाकार र अनुसन्धानकर्तालाई सहयोग पुग्छ ।

वैदेशिक रोजगार भन्ने बित्तिकै एक देशबाट अर्को देशमा गएर कुनै प्रकारको काममा समावेश गर्नु हो । विशेष गरेर हिन्द महासागरका देशहरू भारत, पाकिस्तान, बंगलादेश, श्रीलंका र नेपालका नागरिकहरू खाडी देशहरूमा काम गर्छन् । खाडी क्षेत्रका केही देशमा सन् १९७० को दशकमा भएका निर्माणको कार्यबाट सिर्जित रोजगारको अवसरमा विदेशी नागारिकहरूको माग बढेको र ती देशमा पाईने आकर्षक वेतन तथा अन्य सुविधाबाट प्रभावित भई दक्षिण पूर्वी एशियाली देशबाट ठूलो सङ्ख्यामा मानिसहरू मुलुक बाहिर रोजगारीमा जान थाले ।

विश्वमा आप्रवासनमा जाने जनसंख्या ३ प्रतिशतको हाराहारी रहँदा नेपालमा अनुपस्थित जनसंख्या करिव ७.५ प्रतिशत छ । त्यसबापत देशले पाएको मुख्य फाइदा विप्रेषण नै हो । विकासोन्मुख मुलुकमा विप्रेषण आय आर्थिक विकासको बहसको केन्द्रविन्दु र विकासको रणनीतिको रुपमा लिने प्रबृति बढेको छ ।

नेपालीहरू विदेशमा गई काम गर्ने प्रचलन निकै पुरानो हो । नेपाल-भारतबीच खुला सीमाना हुनुका साथै पारिवारिक, सामाजिक र सांस्कृतिक घनिष्टताका कारणले नेपालीहरू भारतमा र भारतीयहरू नेपालमा आई काम गर्ने गरे । यसै कारण भारतमा नेपाली कामदारको संख्यात्मक विवरणको यथार्थ अभिलेख समेत उपलब्ध छैन । नेपालीहरू भारत बाहेक अन्य मुलुकहरूमा गई रोजगारी गर्ने प्रचलन भने धेरै पछि मात्र सुरु भएको हो ।

खासगरी सन् १९९० को दशकदेखि एकातिर पूर्वी एसिया र खाडी मुलुकहरूमा उच्च आर्थिक बृद्धि तथा श्रमिकको बढ्दो माग र अर्कोतर्फ नेपालमा सशस्त्र द्वन्द्वका कारण रोजगारीमा नकारात्मक असर पर्दै गएका कारण बढ्दो बेरोजगारीको समस्या समाधान गर्न भारत बाहेक अन्य मुलुकतर्फ रोजगारीको लागि संस्थागत पहल हुन थाल्यो ।

वैदेशिक रोजगार ब्यवसायलाई प्रवर्द्धन गर्न ब्यवसायलाई सुरक्षित, व्यवस्थित, मर्यादित बनाई वैदेशिक रोजगारीमा जाने कामदार र वैदेशिक रोजगार व्यवसायीको हकहित संरक्षण गर्न वैदेशिक रोजगार सम्बन्धी ऐन, २०६४ जारी भई हाल कार्यान्वयनमा आइसकेको छ ।

नेपाल जीवनस्तर सर्वेक्षण-२०६६/६७ अनुसार, एक वर्षमा देशभरका ५६ प्रतिशत परिवारले विप्रेषणको रकम प्राप्त गर्छन् । परिवारले प्राप्त गरेको विप्रेषणको अनुमानित औषत रकम गार्हस्थ मूल्यमा रू. ८०,४३६ छ । प्रति व्यक्ति विप्रेषणको रकम गार्हस्थ मूल्यमा रू. ९,२४५ हुन आउँछ । यसरी विप्रेषण प्राप्त गर्नेको सङ्ख्या मध्ये ५८ प्रतिशत स्वदेशबाट, १९ प्रतिशत भारतबाट र २३ प्रतिशत अन्य मुलुकहरूबाट प्राप्त भएको छ । विगत १५ वर्षमा विप्रेषण प्राप्त गर्ने परिवारहरूको प्रतिशत क्रमशः बढ्दै गएको छ । पहिलो सर्वेक्षणले जम्मा २३ प्रतिशत परिवारले विप्रेषण प्राप्त गरेको देखाएकोमा अहिले तेस्रो सर्वेक्षणमा विप्रेषण प्राप्तगर्ने परिवार ५६ प्रतिशत पुगेका छन् ।

परिवारको जम्मा आम्दानीमा विप्रेषणको हिस्सा पनि बढ्दै गएको छ । अन्तर्राष्ट्रिय बजारको माग अनुरूप ज्ञान र सीप प्रदान गरी प्रतिस्पर्धी श्रम शक्तिको विकास गर्ने, सुरक्षित, व्यवस्थित र मर्यादित वैदेशिक रोजगारको सञ्चालन र वैदेशिक रोजगारमा महिलाका सरोकारको सम्बोधन गर्ने मूल उद्देश्य रहेको वैदेशिक रोजगार नीति-२०६८ जारी भई कार्यान्वयनको दिशामा अघि बढेको छ । नेपालका युवाहरुले गर्ने कामको विवेचना गर्दा कुल जनसंख्याको अधिकांश निर्वाहमुखी कृषि २६.७ प्रतिशत, घरायसी धन्दा १९.४ प्रतिशत र केवल २२.७ प्रतिशत युवा शिक्षा सम्बन्धी आर्जनमा संलग्न भएपनि ती मध्ये अत्यन्त कमले मात्र सीपमुलक र प्राविधिक शिक्षा पाएको अवस्था छ। फलस्वरुप २९ प्रतिशत युवाले मात्र रोजगारीको अवसर पाएको देखिन्छ ।

केन्द्रिय तथ्यांक विभागले भने कुल भित्रिने रेमिट्यान्सको ७९ प्रतिशत उपभोगमा खर्च हुने जनाएको छ। लत्ता कपडा खानपिन तथा शिक्षा क्षेत्रमा रेमिट्यान्सको देशको आम्दानी त बढाएको छ, तर यसले परनिर्भरतालाई पनि उत्तिकै प्रोत्साहन दिएको छ । अर्थात् जति रकम विदेशबाट आउँछ उत्तिनै रकम विदेशी सामान आयातमा खर्च हुने गरेको छ । चालु आर्थिक वर्षको १० महिनामा नेपालमा विदेशबाट ५ खर्व ८० अर्व ९३ करोडको वस्तु आयात भएको छ कुल निर्यात भने ७५ अर्व १२ करोडको वस्तु आयात भएको छ कुल निर्गात भने ७५ अर्व १२ करोड मात्र छ । वैदेशिक रोजगारीको सिलसिलामा विदेशमा रहेका धेरैजसो जिल्लाहरुको ग्रामीण क्षेत्र अहिले सुनसान छ, धेरैजस्तो कामका लागि नेपालीले विदेश गएको १ वर्षको कमाई ऋण तिर्न खर्च गर्ने र दोस्रो वर्षदेखि परिवारहरु समेत शहरी क्षेत्र स्थानान्तरण हुने क्रम उच्च छ ।

राष्ट्र बैकले देशको वर्तमान आर्थिक तथा वित्तीय स्थिति (आर्थिक वर्ष २०७८/७९ को वार्षिक तथ्याङ्कमा आधारित) मा उल्लेख गरिए अनुसार आर्थिक वर्ष २०७८/७९ मा विप्रेषण आप्रवाह ४.८ प्रतिशतले वृद्धि भई रु. १००७ अर्ब ३१ करोड पुगेको छ । अघिल्लो वर्ष विप्रेषण आप्रवाह ९.८ प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरमा विप्रेषण आप्रवाह २.२ प्रतिशतले वृद्धि भई ८ अर्ब ३३ करोड पुगेको छ। अघिल्लो वर्ष यस्तो आप्रवाह ८.२ प्रतिशतले बढेको थियो । समीक्षा वर्षमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत–नयाँ र वैधानिकीकरण) लिने नेपालीको संख्या उल्लेख्य रुपमा बृद्धि भई ३,५४,६६० पुगेको छ। अघिल्लो वर्ष यस्तो संख्या ६२.८ प्रतिशतले घटेको थियो। त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या समीक्षा वर्षमा १९८.५ प्रतिशतले बृद्धि भई २,८२,४५३ पुगेको छ । अघिल्लो वर्ष यस्तो संख्या ४६.८ प्रतिशतले घटेको थियो । समीक्षा वर्षमा खुद ट्रान्सफर ४.३ प्रतिशतले वृद्धि भई रु. १११७ अर्ब ८८ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो ट्रान्सफर ९.१ प्रतिशतले बढेको थियो ।

नेपालबाट दैनिक १५०० को हाराहारीमा युवाहरु कामको खोजिमा विदेश जाने गर्दछन्। ठूलो संख्यामा यवाशक्ति पलायन हुँदा देशको अर्थतन्त्र नै रेमिटयान्समा भर पर्न थालेको छ । संयुक्त राष्ट्रसंघले प्रकाशित गरेको एक रिपोर्टमा नेपाल रेमिटयान्समा भरपर्ने राष्ट्रहरुको सूचीमा अग्रभागमै छ। संयुक्त राष्ट्रसंघको कृषि क्षेत्रको विकासका लागि अन्तराष्ट्रिय कोषका अनुसार नेपालको कुल गार्हस्थ्य उत्पादनको झण्डै ३२ प्रतिशत बरावरको रकम रेमिटयान्स मार्फत स्वदेश भित्रने गरेको छ । नेपालमा वार्षिक ६ खर्बभन्दा धरै रकम रेमिटयान्सको रुपमा भित्रिन्छ। विदेशमा काम गर्न गएका लगभग प्रत्येक युवाहरुले स्वदेशमा पैसा पठाँउछन् ।

आर्थिक सर्वेक्षण, आर्थिक वर्ष २०७९/८० मा उल्लेख गरिएअनुसार यस आर्थिक वर्षको फागुनसम्म वैदेशिक रोजगारमा जान नयाँ श्रम स्वीकृति लिने नेपाली कामदारको सङ्ख्या ५५ लाख २६ हजार ७ सय ४ मध्ये पुरुष ९४.४ प्रतिशत र महिला ५.६ प्रतिशत छ । आर्थिक वर्ष २०७९/८० को फागुनसम्म श्रम स्वीकृति लिने ३ लाख ३७ हजार १ सय ४४ मध्ये पुरुष ९०.० प्रतिशत र महिला १०.० प्रतिशत छन्। २०७९ फागुनसम्म वैदेशिक रोजगारीको लागि ईपिएस प्रणाली मार्फत् ८५ हजार ८ सय ४ कामदार दक्षिण कोरिया गएका छन्। वैदेशिक रोजगारीको गन्तव्यको रुपमा रहेका मुलुकमा मलेशिया, कतार, साउदी अरब र यूएई प्रमुख छन्। यी देशमा मात्र वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिने कामदार तीन चौथाइ भन्दा बढी छन्। हालसम्म वैदेशिक रोजगारीको लागि संस्थागत रुपमा १११ देशलाई खुला गरिएको छ । २०७९ फागुनसम्म ९०० म्यानपावर कम्पनीले वैदेशिक रोजगारीको लागि श्रमिक पठाउन प्रयोजनको लागि इजाजतपत्र प्राप्त गरेका छन् ।

आर्थिक वर्ष २०८०/८१ को बजेट वक्तव्यमा उल्लेख गरिएअनुसार श्रमको सम्मान राष्ट्रको अभियान भन्ने नाराका साथ मर्यादित रोजगारीका अवसर सिर्जना गर्न जोड दिइनेछ। असल श्रम सम्बन्ध स्थापना गरी श्रमिकको हकहितको सुरक्षा गर्नुका साथै उत्पादकत्व अभिबृद्धि गरिनुका साथै वैदेशिक रोजगारीलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाइने कार्यक्रम राखिएको छ। प्रधानमन्त्री रोजगार कार्यक्रमलाई पुनर्संरचना गरिनुका साथै उत्पादनशील रोजगारी सिर्जना गर्ने र श्रम बजारको नतिजामा सुधार गर्ने उद्देश्य सहित कार्यक्रम ढाँचामा परिमार्जन गरिने नीति लिइएको छ। स्थानीय तहबाट कार्यान्वयन हुने श्रममूलक काममा यस कार्यक्रम अन्तर्गत सूचीकृत बेरोजगारलाई कार्यस्थलमा आधारित तालिम सहितको न्यूनतम रोजगारी प्रदान गरिने कार्यक्रम राखिएको छ । स्थानीय तहबाट नै श्रम, सीप, उद्यमशीलता विकास लगायतका सेवा प्रदान गर्न सक्ने गरी रोजगार सेवा केन्द्रको स्तरोन्नति गरिनुका साथै प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि रु. ५ अर्ब ९४ करोड विनियोजन गरिने कार्यक्रम राखिएको छ ।

वर्तमान पन्ध्रौ पञ्चवर्षीय योजना २०७६–२०८१ मा श्रम, वैदेशिक रोजगार तथा विप्रेषणको विकास कार्यक्रम अन्तर्गत सबै नागरिकलाई मर्यदित र उत्पादित र उत्थानशील रोजगारीको उपलब्धता गराउने सोच राखिएको छ । साथै विप्रेषण आयलाई उत्पादनशील क्षेत्रमा उपयोग गरी तीब्र आर्थिक वृद्धि र आन्तरिक रोजगार अभिवृद्धिमा सहयोग पुऱ्याउने । उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरी बेरोजगारी दर तथा श्रमको अल्पउपयोगमा उल्लेखनीय रूपमा कमी ल्याउने लक्ष्य राखिएको छ । ■














# शिथिल फुटबल



उत्तम कार्की

> घरेलु तथा फ्रेन्चाइल लिग सञ्चालन गर्ने र उचित पारिश्रमिक प्रदान गर्ने हो भने खेलाडीको विदेश पलायन रोक्न सकिन्छ । तर सरकारले घोषणा गरेको पुरस्कार रकम समेत पाउन नसक्दा खेलाडीहरुको विदेश पलायन रोक्न सकिएको छैन ।

विमल घर्ती मगर, नेपाली राष्ट्रिय फुटबल टिमका एक होनहार तथा महत्पूर्ण सदस्य हुन् । तर आर्थिक परिस्थिति र जिम्मेवारीको चाङले गर्दा विमल विदेशिन बाध्य भए । उनी सुरक्षित भविष्यको खोजीमा केही साताअघि मात्र अष्ट्रेलिया पलायन भए ।

विमलजस्तै नेपाली राष्ट्रिय फुटबल टिमका तीन दर्जन बढी खेलाडी पलायन भइसकेका छन् । अष्ट्रेलियाको घरेलु फुटबल लिग खेल्ने बहानामा खेलाडीहरु गए पनि उनीहरुको मूल उद्देश्य भनेकै उतै बसेर आफ्नो भविष्य सुरक्षित बनाउनु रहेको छ ।

देशमा राजनीतिक अस्थिरता र खेलकुद क्षेत्रको अनावश्यक राजनीति, आर्थिक समस्या, फितलो घरेलु लिगलगायत समस्याका कारण भविष्य अन्योल हुँदा खेलाडीहरुले धमाधम विदेश पलायनको बाटो रोजेका हुन् । राज्यले पनि खेलाडीलाई रोक्न कुनै नीति अवलम्बन नगर्दा यो क्रम बढ्दो रुपमा देखिएको छ । देशको नामका लागि ज्यान दिएर आफ्नो खेल प्रदर्शन गर्ने खेलाडीप्रति राज्यको उपेक्षा नै विदेश पलायनको मुख्य कारण रहेको खेल विज्ञहरुले पनि बताउँदै आएका छन् ।

देशका लागि खेलेर आफ्नो जीविकोपार्जन गर्न पनि समस्या परेपछि अधिकांश खेलाडीमा नैरश्यता पैदा भएको छ । सीमित घरेलु लिग, सीमित अन्तर्राष्ट्रिय खेल, सामान्य जीवनयापनका लागि पनि नपुग्ने आम्दानीलगायतका समस्याबाट नेपालका खेलाडीहरु गुज्रिरहेका छन् । जसले गर्दा खेलाडीको जीवनस्तरसँगै खेल प्रदर्शन र समग्र खेल क्षेत्रमै नकारात्मक असर पारिरहेको छ । तर न सरकारले यस विषयमा गम्भीर भएर चासो दिएको छ, न त सम्बन्धित खेलका संघले नै यसप्रति चासो दिएका छन् । अन्य खेलभन्दा फुटबलमा विदेश पलायनको असर धेरै देखिएको छ । अन्य खेल क्षेत्रका केही खेलाडी मात्र विदेश पलायन भएको भए पनि फुटबलका तीन दर्जन बढी खेलाडी विदेश पलायन भइसकेका छन् । 'ए' डिभिजन लिग समयमा नहुनु,



नेपाल सुपर लिग (एनएसएल) जस्ता फ्रेन्चाइज प्रतियोगिताहरू समयमा नहुँदा खेलाडीहरु खाली हात घर बस्नुपर्ने र आर्थिक समस्याको सामना गर्नुपर्ने भएपछि विदेश पलायनको बाटो रोज्न बाध्य भएका हुन् । खेलाडी पलायनको ग्राफ उकालो लाग्दै गए पनि अखिल नेपाल फुटबल संघ (एन्फा)ले भने यो क्रमलाई रोक्न कुनै अग्रसरता देखाएको छैन, बरु एन्फा आफैं राजनीतिक भूमरीमा रुमलिएको छ ।

पछिल्लो एक वर्षमा मात्रै तीन दर्जना बढी फुटबल खेलाडी विदेश पलायन भएका छन् । जगजित श्रेष्ठ, शुलभ मास्के, हेमन गुरुङ, एलन न्यौपाने, विमल घर्ती मगर, दिनेश राजवंशी, सुमन अर्याल, मिक्छेन तामाङ, हेमन्त थापामगर, नितिन थापा, तेज तामाङ, अभिषेक रिजाल, दीपकराजसिंह ठकुरी, विमल राना, रेजिन सुब्बा, पुजन उपरकोटी, निशान खड्का, रवि पासवान, रञ्जन विष्ट, गौतम श्रेष्ठ, रञ्जित धिमाल, सुजल श्रेष्ठलगायत झण्डै तीन दर्जनभन्दा बढी खेलाडी आफ्नो सुरक्षित भविष्यको खोजीमा अष्ट्रेलिया पुगिसकेका छन् ।

फुटबल खेलाडी पलायनको असरले समग्र फुटबल खेल नै शिथिल अवस्थामा पुगेको छ । सुधारिँदै गएको नेपाली राष्ट्रिय फुटबल टिमको खेल स्तर अहिले निरन्तर खस्किँदै गएको छ । एकतर्फ नयाँ खेलाडीले अवसर त पाएका छन्, तर अनुभवी र महत्वपूर्ण खेलाडी नै नभएपछि नेपालले कतिपय जित्ने आशा गरिएका खेलसमेत गुमाउन पुगेको छ । अर्कोतर्फ उमेर समूह हुँदै राष्ट्रिय टिमसम्म ल्याउँदा एउटा खेलाडीमा राजयको करिब २० लाख रुपैयाँ लगानी भएको हुन्छ । तर पछि खेलाडी पलायन हुँदा राज्यको सबै लगानी बालुवामा पानी सरह हुन्छ । आफ्नै लगानी सुरक्षित गर्न पनि राज्य सफल नहुँदा फुटबल क्षेत्रमा नेपालको बढ्दै जानु पर्ने स्तर झनै घट्दै गएको छ ।

समयमा घरेलु तथा फ्रेन्चाइल लिग सञ्चालन गर्ने र उचित पारिश्रमिक प्रदान गर्ने हो भने खेलाडीको विदेश पलायनको क्रम रोक्न सकिन्छ । तर राज्यले आफैंले घोषण गरेको पुरस्कार रकम त खेलाडीलाई दिन सकेको छैन भने खेल क्षेत्रको विकासमा राज्यले महत्वपूर्ण भूमिका निभाउला भन्नेमा आशंका नै छ । जतिसक्दो चाँडो राज्यले उपयुक्त नीति निर्माण गरेर खेलाडीलाई स्वदेशमा नै बस्ने वातावरण सिर्जना गर्नुपर्छ । यदि यो क्रम नरोकिने हो भने फुटबलमा जस्तै अन्य खेलका खेलाडी पनि दर्जनौंको संख्यामा विदेशिने दिन आउने छ । जसले गर्दा खेल क्षेत्रमा नेपालले हालसम्म कमाएका उपलब्धिहरु शून्यमा परिणत हुनेछन् । ■
















# रेमिट्यान्सको बढ्दो ग्राफ



तुलबहादुर मगर

> तथ्यांकअनुसार नेपालको अर्थतन्त्रामा रेमिटान्सको योगदान २९.९ प्रतिशत छ । जुन रेमिट्यान्स प्राप्त गर्ने मुलुकहरु मध्ये तेस्रो धेरै हो । कुल ग्राहस्थ उत्पादनसँगको तुलनामा विप्रेषण प्राप्त गर्ने अन्य प्रमुख मुलुकहरु मध्ये टोङ्गाको कुल ग्राहस्थ उत्पादनमा रेमिट्यान्सको योगदान सबैभन्दा धेरै ३८.५ प्रतिशत छ । त्यसपछि हाईटीको ३४.३ प्रतिशत र ताजिकिस्तानको २९.७ प्रतिशत रहेको छन् ।

सन् २०२२ मा विश्वभरबाट रेमिटान्स प्राप्त गर्ने देशहरूको सूचीमा भारत शीर्ष स्थानमा रहेको थियो । सन् २०२२ मा भारतले १११ अर्ब अमेरिकी डलर, मेक्सिकोले ६१ अर्ब चीनले ५१ अर्ब, फिलिपिन्सले ३८ अर्ब र पाकिस्तानले ३० अर्ब अमेरिकी डलर प्राप्त गरेका थिए ।

सन् २००८ देखि भारत विश्वको सबैभन्दा धेरै रेमिट्यान्स प्राप्त गर्ने देशका रूपमा रहेको छ । सोही अवधिमा नेपालमा रेमिट्यान्स आप्रवाह २१.२ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले सार्वजनिक गरेको आर्थिक प्रतिवेदनअनुसार आर्थिक वर्ष २०२२/०२३ मा विप्रेषण आप्रवाह १२ खर्ब २० अर्ब ५६ करोड पुगेको छ भने अघिल्लो वर्ष विप्रेषण आप्रवाह ४ दशमलव ८ प्रतिशतले बढेको थियो ।

अमेरिकी डलरको हिसाबले रेमिट्यान्स प्रवाह १२.१ प्रतिशतले बढेर ९ अर्ब ३३ करोड अमेरिकी डलर पुगेको छ । अघिल्लो वर्ष यो प्रवाह २.२ प्रतिशतले बढेको थियो । गत वर्ष संस्थागत र व्यक्तिगत-नयाँ वैदेशिक रोजगारीका लागि जान अन्तिम श्रम स्वीकृति प्राप्त गर्ने नेपालीको संख्या ४०.३ प्रतिशतले बढेर ४ लाख ९७ हजार ७ सय ४ पुगेको थियो । अघिल्लो वर्ष यस्तो संख्या ३९२.० प्रतिशतले बढेको थियो ।

तथ्यांकअनुसार नेपालको अर्थतन्त्रामा रेमिटान्सको योगदान २९.९प्रतिशत छ । जुन रेमिट्यान्स प्राप्त गर्ने मुलुकहरू मध्ये तेस्रो धेरै हो । कुल ग्राहस्थ उत्पादनसँगको तुलनामा विप्रेषण प्राप्त गर्ने अन्य प्रमुख मुलुकहरु मध्ये टोङ्गाको कुल ग्राहस्थ उत्पादनमा रेमिट्यान्सको योगदान सबैभन्दा धेरै ३८.५ प्रतिशत छ । त्यसपछि हाईटीको ३४.३ प्रतिशत र ताजिकिस्तानको २९.७ प्रतिशत रहेको छन् ।




त्यसैगरी, वैदेशिक रोजगारीका लागि श्रम स्वीकृति नवीकरण गर्ने नेपालीको संख्यापनि बढेको छ । समग्रमा गतबर्ष ७ लाख ७४ हजार ६ सय ७६ जना नेपाली रोजगारीको खोजी गर्दै बाहिरिए । गत वर्ष २०७९/८० मा सात लाख ७५ हजार कामदारका रूपमा गएका थिए । नेपाली अर्थतन्त्रमा रेमिट्यान्स योगदान महत्त्वपूर्ण छ ।

धेरै विकासोन्मुख देशहरूको लागि रेमिट्यान्स आय र लगानीको महत्त्वपूर्ण स्रोत हो । रेमिट्यान्सले मुलुक बनाउँदैन, परवालम्बी र लम्पट मात्रै बनाउँछ भन्ने धारणा केही नेपाली विज्ञहरूमा पाइन्छ । तर नेपालको हकमा गरिबी न्यूनीकरण, बालबालिका शिक्षा,आवास, स्वास्थ्य औषधोपचार र कतिपय अवस्थामा मानव पूँजी विकास, उद्यमशीलता र सामाजिक सुरक्षालाई भरथेग गरेको छ ।

विकासका लागि रेमिट्यान्स र डायस्पोरा योगदानको सम्भावनालाई नीति निर्माता र व्यवसायीहरूले कसरी प्रयोग गर्न सक्छन्? रेमिट्यान्स र डायस्पोरा योगदानहरू प्राप्तकर्ता देशहरूको राष्ट्रिय विकास लक्ष्य र रणनीतिहरूसँग मिल्नुपर्छ । यसले उनीहरूलाई उत्पादनशील र दिगो उद्देश्यका लागि प्रयोग गरिन्छ भन्ने विषयले मुलुकको विकासमा योगदान र दिने प्रतिशत सुनिश्चित गर्न मद्दत गर्न सक्छ ।

केही देशहरूले पूर्वाधार, शिक्षा वा स्वास्थ्य जस्ता प्रमुख क्षेत्रहरूमा रेमिट्यान्स र डायस्पोरा योगदानहरू प्रयोग गर्न विशेष कोष वा बन्डहरू स्थापना गरेका छन् । रेमिट्यान्ससँगै नेपाली कामदारले विदेशमा सिकेको स्रोत, सीप र ज्ञानबाट नेपालको विकासले लाभ उठाउन सक्छ । ■






# एनआरएनलाई नागरिकता : नेपाल फर्कने अवसर




मुकुन्द लामिछाने


" गैरआवासीय नेपाली कामसँगै नेपाल जोडिन चाहन्छन् । त्यसैले नागरिकता नेपाली मनसँग जोडिन चाहनेका लागि अवसर हो । अब उनीहरुले विदेशमा सिकेको शीप सहित नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्छन् ।

गैरआवासीय नेपाली (एनआरएन) ले नेपाली नागरिकता पाउन थालेका छन् । लामो समयदेखिको बहसपछि कानुन र नियमावली बनेसँगै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने कार्यको सुरुवात भएको छ । नेपालको संविधान २०७२ मा गैरआवासीय नेपाली नागरिकताको व्यवस्था छ । नागरिकता सम्बन्धी संधोधित ऐन गत जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका थिए । १२ भदौमै बसेको मन्त्रिपरिषद बैठकले नागरिकता सम्बन्धी नियमावली पारित गरेर लागू भएसँगै गैरआवासीय नेपाली नागरिकता प्रदान गर्ने कार्यको सुरुवात भएको हो ।

गृहमन्त्रालयका नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा प्रमुख कृष्णबहादुर कटुवालका अनुसार यो नागरिकता लिएपछि नेपालमा लगानी गर्न, सम्पत्ति राख्न लगायतका काम गर्न गैरआवासीय नेपाली नागरिकलाई सजिलो हुनेछ । यो नागरिकता लिएको आधारमा राजनीति गर्न र भोट हाल्न पाइने छैन भने सरकारी जागिर खान वा नियुक्ति खान पाइने पनि छैन ।

खासगरि अमेरिका, बेलायत, अष्ट्रेलिया, क्यानडा लगायतका देशमा गई काम गरेर ती देशको नागरिकता लिइसकेका नेपाली मूलका नागरिकलाई यो नागरिकता दिने उदेश्यका साथ यो प्रावधान संवैधानिक रुपमा आएको थियो । जसलाई कार्यान्वयन गर्न कानुनी र नियमावली लगायतको कार्य भएको हो ।

नेपाली नागरिकता लिएपछि गैरआवासीय नेपालीलाई नेपालमा सीप र लगानी भित्राउन कानुनी सहजता प्राप्त हुनेछ । नेपालको संविधान निर्माणकै बेला गैरआवासी नेपालीहरुले नेपाली नागरिकताको लागि दवाव दिएका थिए । संविधानमा त्यस खालको प्रावधान रहन सफल भएपनि कानुनी र नियमावली लगायत कार्य नभएका कारण गैरआवासीय नेपाली नागरिकता जारी हुन सकिरहेको थिएन । गत भदौबाट



यो प्रावधान लागू भएको छ । नागरिकता लिने प्रक्रिया लगायतका कार्यहरुलाई नियमावलीमा व्यवस्था गरिएको छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त हुँदै गर्दा धेरैजसो गैरआवासीय नेपाली खुसी छन् । गृहमन्त्रालयका नागरिकता तथा राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखा प्रमुख कटुवालका अनुसार गैरआवासीय नेपालीलाई नेपाल फिर्तिको अवसर होस् भन्ने ध्ययका साथ नेपाली नागरिकता प्राप्ती गर्ने प्रक्रियाको डिजाइन गरिएको छ । उनका अनुसार नेपाली नागरिकता लिन गैर आवासीय नेपालीले आफ्नो पुस्ताको थलो अनिवार्य पुग्नुपर्ने हुन्छ । त्यसो गर्दा अघिल्लो पुस्ताको थकाथलोको जानकारी हुने र पुस्ताको थलोमा केही गरौं भन्ने भावना जगाउने अवस्था पनि बन्न सक्छ ।

गैरआवासीय यो नागरिकता लिन आवेदनका साथ आफू वा आफ्नो आमा-बुबा, हजुरबुबा-हजुरआमा साबिकमा नेपालको नागरिक रहेको प्रमाण पेस गर्नुपर्ने हुन्छ । आवेदन दिन आफू वा आफ्नो आमा-बुबा, हजुरबुबा-हजुरआमा साबिकमा नेपालको नागरिक रहेको जिल्लामै पुग्नुपर्ने हुन्छ । आवेदन दिनका लागि कम्तिमा दुई जना बहाल नेपाली नागरिकले सनाखथ गर्नुपर्ने हुन्छ ।

गैरआवासीय नेपाली नागरिकता लिन तीन पुस्ता भित्रको हुनुपर्छ । हजुरबुबा-हजुरआमाले नेपालको जुन जिल्लामा जन्मिएका र नागरिकता लिएका थिए त्यही जिल्लाबाट गैरआवासीय नेपाली नागरिकता पाउन सकिन्छ । 'गैरआवासीय नेपाली हो भनेर बहालवाला दुइ जना नेपाली नागरिकताधारीले साक्षी बसिदिनुपर्छ' कटुवाल भन्छन्, 'यसो गर्नुको कारण गैरआवासीय नेपालीलाई जन्मथलो पुऱ्याउने उदेश्य हो । गाँ देखोस्, जन्म थलो हेरोस् के थाहा न ऊ नेपल नै फर्किने अवस्थामा पुग्छ कि !'

नेपाली र नेपाली भावी पुस्ताको हितका सवालमा कुरा गर्ने हो भने गैरआवासीय नेपाली नागरिकताको प्रावधान अवसर र चुनौती दुवै छन् । विदेशमा सिकेको सिपसहित गैर आवासीय नेपालीहरु नेपाल फर्किन सक्छन्, नेपाल नफर्किएर पनि लगानी गरेर नेपालको आर्थिक विकासमा टेवा पुऱ्याउन सक्छन् । विदेशमा रहेका गैरआवासीय नेपालीका नयाँ पुस्ता गफ हैन कामका आधारमा नेपालसँग जोडिन चाहन्छन् । उनीहरुले नेपालमा सामाजिक सहयोग पनि गर्दै आएका छन् । गैरआवासी नेपाली नागरिकता नेपाली मनसँग जोडिन चाहनेका लागि अवसर हो । नेपालसँग जोडिन एनआरएनए चाहिएको पनि नयाँ पुस्तालाई नै हो ।

प्रवासमा नेपालीले ठुला संघसंस्था र तिनका संरचना बनेका छन् । तिनिहरुलाई नेपाली मन जोड्ने अवसर पनि नागरिकताले प्रदान गर्दछ । नेपालीबीच भातृत्वको भावमा बिकास गर्न बल पुऱ्याउँदछ । नेपाली बीच एकतामा बल पुग्छ ।

गैरआवासीय नेपाली संघको एजेण्डा भित्र प्रवासमा जन्मेका बच्चालाई नेपालसँग जोडने भाषा पाठशालाका संरचना बिस्तार र सामग्रीको बिकास गर्ने विषय पर्नुपर्ने आवजाज पनि उठ्ने गरेको छ । यसकारण नागरिकता र नेपालमा लगानीको साथसाथै गैरआवासीय नेपाली नागरिकताको प्रावधानले नेपाली संस्कार, भाषाको सकारात्मक प्रभाव विश्वव्यापी रुपमा पार्न सक्दछ । नेपालमा लगानी गरेकाहरूका भावी पुस्ताका सन्ततिले नेपालमा खुट्टा टेक्ने वातावरण बनाउन पनि यो नागरिकताले सकारात्मक भूमिका निर्वाह गर्ने विश्वास विधायकहरुको छ । गैरआवासीय नेपाली नागरिकता प्राप्त गरेपछि नेपालमा होटल खोल्ने, बिजुली वा कल कारखाना आदिमा लगानी गर्ने र कर छुट पाउने विषय भन्दा माथि उठ्न सक्नुपर्छ । नेपालमा गरेको लागनी र त्यसबाट प्राप्त सबै कमाई र सम्पत्ति सन्तति र देशका लागि हो भन्ने अवस्था र भावना सिर्जना गर्न सक्नुपर्छ । यसका लागि नागरिकतासँगै गैरआवासीय नेपाली र तिनका सन्तानलाई नेपाली बनाउने अभियान आवश्यक छ । सम्पत्ति नेपालीको हुने तर सन्तति नेपालीका नहुन सक्ने अवस्थाको आँकलन सुरुवातमै गरेर समाधानको दीर्घकालीन योजना आवश्यक छ । यसका लागि भावी पुस्तालाई नेपाली भेषभूषा, भाषा कला र संस्कार आदिमा लगानी गर्न आवश्यक छ । यकसैबाट गैरआवासीय नेपालीहरुको अगाडी लेखिएको गैर नेपाली उपमा हटेर विशुद्ध नेपाली भन्ने हुन सक्छ । जसलाई भावी पुस्ताले गर्वसाथ उपयोग र पुस्तान्तरण गर्न सक्छन् । यो रुपान्तरण गर्न सक्ने आधार गैरआसावीय नेपाली नागरिकता हुन सक्छ । ■


जीवन रंङ्गीन बन्छ
सहयात्रा जब विश्वास र जिम्मेवारीको हुन्छ
लुम्बिनी सहयात्रा
बचत खाता



नि:शुल्क
• Visa Debit Card जारी
• Cheque Book
• ABBS
• Mobile Banking
• Internet Banking सेवा
१ लाख बराबरको स्वास्थ्य बीमा सुविधा
५ लाख बराबरको दुर्घटना बीमा सुविधा
लकर शुल्कमा ५०% छुट
ईन्स्योरेन्स पार्टनर: नेको इन्सुरेन्स लि. Neco Insurance Ltd.
लुम्बिनी विकास बैंक लि.
Lumbini Bikas Bank Ltd.
निरन्तर सहयात्रा

## नेप्से अनलाइन ट्रेडिङ सिस्टम (नट्स) सम्बन्धी जिज्ञासा र जवाफ

नेपाल स्टक एक्सचेन्ज (नेप्से) लिमिटेडले सञ्चालनमा ल्याएको अनलाईन ट्रेडिङ सिस्टम प्रयोग सम्बन्धमा सर्वसाधारणले व्यक्त गरेका जिज्ञासालाई सम्बोधन गर्न यो जानकारीमूलक सामग्री तयार गरिएको छ ।

**अनलाइन प्रयोग गर्न युजरनेम र पासवर्ड कहाँ लिने ?**
नेप्सेको सदस्यताप्राप्त धितोपत्र दलालहरु र उपत्यका बाहिर तिनीहरुका शाखाबाट नट्स प्रयोग गर्नका लागि युजरनेम र पासवर्ड प्राप्त गर्न सकिन्छ । धितोपत्र दलालहरुको नाम, ठेगाना र फोन नम्बर नेप्सेको वेबसाइट www.nepalstock.com तथा www.nepalstock.com.np मा उपलब्ध छ ।

**युजरनेम र पासवर्ड नि:शुल्क हो ?** हो ।

**ट्रेड म्यानेजमेन्ट सिस्टम (टिएमएस) भनेको के हो ?**
लगानीकर्तालाई ब्रोकर तथा नेप्सेको प्रणालीमा जोड्ने माध्यम टिएमएस हो ।

**टिएमएसमा प्रयोगकर्ताको भूमिका के हुन्छ ?**
नेप्से अनलाईन ट्रेडिङ सिस्टम Role Based Content Management प्रणाली भएको हुँदा ब्रोकरको Admin User ले आफ्नो Internal User तथा Client हरुलाई आवश्यकता अनुसार Role प्रदान गर्न सक्नेछ ।

**टिएमएसमार्फत ब्रोकर तथा प्रयोगकर्ताले के-के गर्न सक्छन ?**
ब्रोकर तथा Online Client ले Buy/Sell Order राखी कारोबार गर्न सक्छन् । Order को हरेक अवस्थाको जानकारी Order Book मा गई प्राप्त गर्न सकिन्छ ।

**हितग्राही खाता र कारोबार खातालाई किन आवद्ध गर्नुपर्छ ?**
लगानीकर्ताको एउटा हितग्राही खातालाई सदस्य दलालसँग खोलिएको एउटा कारोबार खातासँग आवद्ध गरेपछि मात्र नट्समा कारोबार गर्न सकिन्छ । यसले कारोबार पछिको राफसाफ तथा फछ्यौटलाई सहज बनाउँछ ।

**अनलाईन कारोबार सुविधा लिएका लगानीकर्ताले इाक्लिभ कारोबार गर्न सक्छन कि सक्दैनन ?**
Online User ब्रोकर मार्फत वा आफैले खरिद बिक्री आदेश प्रविष्टि गरी कारोबार गर्न सक्छन् ।

**अनलाइन भुक्तानी/फन्ड ट्रान्सफर कसरी गर्ने ?**
ग्लोबल आइएमई, नेपाल इन्भेस्टमेन्ट, प्रभु र सिद्धार्थ गरी चार वटा Clearing Bank नेप्से TMS संग आवद्ध छन् ।

नेपाल स्टक एक्सचेञ्ज लि.
पो.ब.नं. १५५०
युएनआई शान्ति मार्ग, भद्रकाली, काठमाडौं

हार्दिक शुभकामना
नेपालीहरुको महान् चाड
बडा दशैं, शुभ दीपावली तथा छठ पर्व २०८०
को पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
निलकमल ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सिनामंगल-९, एयरपोर्ट (शम्भुमार्ग रोड नं. ४) काठमाडौं, नेपाल

बडा दशैं तथा शुभ दीपावलीको शुभकामना
नेपालीहरुको महान् चाड
बडा दशैं, शुभ दीपावली र छठ पर्व २०८० को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति,
समृद्धि, दिर्घायु एवम् उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
Himalayan Everest Insurance Limited.
Thapagaun, Kathmandu, Nepal.
Phone No: 01-4444717 01-4444718, Email:ktm@hei.com.np
WebSite:hei.com.np

हार्दिक शुभकामना
नेपालीहरुको महान् चाड
बडा दशैं, शुभ दीपावली र छठ पर्व २०८० को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण आमा, बुबा,
दाजुभाइ तथा दिदीबहिनीहरुमा सुख, शान्ति, समृद्धि, दिर्घायु एवम्
उत्तरोत्तर प्रगतिको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
नेपाल फाईनान्स लिमिटेड
NEPAL FINANCE LIMITED
"नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतपत्रप्राप्त संस्था"
Kamaladi, Kathmandu, Nepal, 01-4545885 | 4545886
Email: info@nepalfinance.com.np,
Website: www.nepalfinance.com.np

दशैं, तिहार र छठको शुभकामना
नेपालीहरुको महान् चाड
बडा दशैं, दीपावली तथा छठ पर्व २०८० को
पावन अवसरमा स्वदेश तथा विदेशमा रहनुभएका
सम्पूर्ण आमा, बुबा, दाजुभाइ दिदीबहिनीहरुमा सुख,
शान्ति, समृद्धि, दिर्घायु एवं उत्तरोत्तर प्रगतिको
हार्दिक मंगलमय शुभकामना
व्यक्त गर्दछौं ।
साथै, मधपान र जुवातासजस्ता विकृतिबाट टाढै रहेर रमाइलोका साथ
चाडपर्व मनाउनुहुन सबैमा हार्दिक अनुरोध गर्दछौं ।



सुमन श्रेष्ठ
वडा अध्यक्ष
काठमाडौं महानगरपालिका
वडा नं. १४ को कार्यपालिका
कलंकी, काठमाडौं, बागमती प्रदेश, नेपाल






# परदेशीको 'उपहार'



सन्दिप वि.क

केही समयअधिसम्म दशैं खर्चकै लागि साहुमहाजनसँग हात थाप्नुपर्ने, चर्को ब्याजमा ऋण काढ्नुपर्ने परिस्थिति रेमिट्यान्सले बदल्दै लगेको छ ।

लमजुङ घर भइ हाल वैदेशिक रोजगारीका क्रममा कुवेत पुगेका सुकराम विश्वकर्माले आइतबार मात्रै दशैं मनाउन खर्च पठाए । उनी कुवेत बसेको डेढ वर्ष भयो । 'दशैंमा बालबच्चालाई कपडा किन्न, माछामासु, टीकामा खर्च हुन्छ। हामी त परदेशमा भइयो । घरपरिवारदेखि धेरै टाढा छौं' सुकराम भन्छन्, 'गाउँमा घरपरिवारले राम्रोसँग दशैं मनाउन भन्ने लाग्छ।' कतारबाट श्रीमानले पठाएको पैसा लमजुङकै इश्वरी वि.कले सोमबार मात्रै हात पारिन् । उनी भन्छिन्, 'गत वर्षहरुमा दशैं मान्न असहज थियो । अहिले केही सहज भएको छ। बजारमा सामानको मूल्य ह्वात्तै बढेको छ। के गर्ने जति महंगी भएपनि दशैं त मान्नै पर्‍यो ।'नेपालीहरुको महान चाड वडादशैं यतिबेला हरेकको घरदैलोमा भित्रि सकेको छ । हरेक वर्षको दशैंमा विदेशीका युवाहरुलाई आफ्नो घरपरिवारमा पैसा पठाउन दबाव पर्छ। दशैं लगायत चाडपर्वमा विदेशीएका नेपालीहरुले पैसा पठाउने हुँदा रेमिट्यान्स पनि बढ्ने गरेको छ।

वैदेशिक रोजगार विभागका अनुसार, गत आर्थिक वर्ष २०७९/८० मा नेपालबाट ७ लाख ७१ हजार भन्दा बढी विदेशिएका थिए। गत आर्थिक वर्ष अहिलेसम्मकै सबैभन्दा बढी ७ लाख ७१ हजार ३२७ जना श्रमिकले श्रम स्वीकृति लिए । नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार, आर्थिक वर्ष २०८०/८१ को पहिलो महिना साउनमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत-नयाँ) लिने नेपालीको संख्या ३९ हजार १ सय ५२ रहेको छ । त्यसैगरी, वैदेशिक रोजगारीका लागि पुनः श्रम स्वीकृति लिने नेपालीको संख्या १६ हजार ४ सय २३ रहेको छ । नेपालीहरुका लागि साउदी अरेबिया, कतार, यूएई, कुवेत, ओमान, बहराइन, दक्षिण कोरिया प्रमुख श्रम गन्तव्य हुन् । तर, पछिल्लो केही समययता भने यूरोपको विकसित देशहरुमा समेत नेपालीहरु जाने गरेका छन्।

उनीहरु क्रोएसिया, पोल्यान्ड, रोमानियाजस्ता देशमा जान थालेका छन् । यसरी खाडी लगायत विश्वभर नै पुगेका नेपालीहरुलाई दशैंमा खर्च पठाउने गरेको छन् । यता नेपाल राष्ट्र बैंकका अनुसार, दशैं भित्रिएसँगै रेमिट्यान्स पनि बढ्न थालेको छ ।



विशेषगरी चाडपर्वको बेला अरु समय भन्दा बढी रेमिट्यान्स भित्रिने गर्दछ । विदेशिएकाले अरु समय भन्दा यो बेला घरपरिवार र आफन्तलाई पैसा पठाउने हुँदा असोजदेखि मंसिरको समयलाई रेमिट्यान्स भित्रने सिजन मान्ने गरिन्छ । अहिले दशैंलाई लक्षित गरी विदेशमा रहेका नेपालीहरुले धमाधम रेमिट्यान्स नेपाल पठाइरहेका छन् । विदेश गएकाहरुले चाडपर्वको अवसरमा घरमा पैसा पठाउने चलन भएकाले पनि यस समयमा रेमिट्यान्स भित्रिने क्रम बढेको हो । नेपाल राष्ट्र बैंक सूचना अधिकारी डा.डिल्लीराम पोखरेल चाडपर्व नजिँकिएसँगै रेमिट्यान्स भित्रिने क्रम बढेको बताउँछन् । डा.पोखरेल भन्छन्, 'विगत वर्षहरुको ट्रेन्ड जस्तै यस वर्ष पनि रेमिट्यान्स भित्रने क्रम बढेको छ। गत वर्षहरु असोज, कात्तिक र मंसिरमा करिब २५ प्रतिशतसम्मले रेमिट्यान्स बढेको थियो। यो वर्ष पनि बढ्ने देखिन्छ ।'

नेपाल राष्ट्र बैंकको तथ्यांक अनुसार, गत आर्थिक वर्ष २०७८/७९ मा १० खर्ब ७ अर्ब रेमिट्यान्स नेपालमा भित्रिएको थियो भने असोजमा मात्रै रेमिट्यान्स आप्रवाह करीब १६.८ प्रतिशतले बढेको थियो। चाडबाडको समयमा रेमिट्यान्स बढ्ने भएकाले पनि रेमिट कम्पनीहरुले विभिन्न अफरहरु ल्याउने गरेका छन् । दशैंमा आईएमई, सिटी एक्सप्रेस मनी ट्रान्सफर, प्रभु मनी ट्रान्सफर लगायतले अफर ल्याएका छन् ।

### अधिकांश रकम उपभोग्यमै खर्च

दशैं लगायत चाडपर्वमा अधिकांश रकम उपभोग्य वस्तु खरीदमै खर्च हुने गरेको छ। नयाँ कपडा किन्ने, अरु बेलाभन्दा निकै बढी माछामासुको जोहो गर्नुपर्दा दशैं आर्थिक हिसाबले पनि महंगो पर्ने गरेको छ । उपभोगमा आधारित दशैं पर्वमा खानपिन र रमाइलो मात्र हैन, कोसेली किनमेल, यात्रा, दान-दक्षिणा तथा पूजा-आजामा पनि उत्तिकै खर्च हुने गर्छ। महंगो पर्वलाई सजिलो बनाउन विदेशमा रहेका नेपालीले पठाएको रेमिट्यान्सबाट सहज भएको छ। नेपाल राष्ट्र बैंकले हालै जारी गरेको एक अध्ययनमा समेत नेपालमा भित्रने रेमिट्यान्समा सबैभन्दा बढी रकम दैनिक उपभोग्य वस्तुमै खर्च भएको देखाएको छ । त्यसपछि शिक्षा, स्वास्थ्य, मनोरञ्जन लगायत क्षेत्रमा खर्च हुने गरेको छ ।

प्रतिवेदनअनुसार, विप्रेषणका रूपमा भित्रिएको रकम मध्ये दैनिक उपभोगमा मात्र ५८ दशमलव ७८ प्रतिशत खर्च हुने गरेको देखिइएको छ भने शिक्षा तथा स्वास्थ्य क्षेत्रमा २२.४८ प्रतिशत, ऋण तिर्न १०.७ प्रतिशत र मनोरञ्जन तथा अन्य क्षेत्रमा ८.६७ प्रतिशत खर्च गर्ने गरेका छन् । अध्ययनमा समेटिएका परिवार मध्ये ९६.६१ प्रतिशत परिवारको दैनिक उपभोग खर्च वैदेशिक रोजगारीमा जानुपूर्वको तुलनामा बढेको पाइएको छ । त्यस्तै, ९६.०८ प्रतिशत परिवारको चाडपर्व, मनोरञ्जन, सामाजिक खर्च समेत बढेको पाइएको छ।विदेशबाट पठाएको पैसा विभिन्न क्षेत्रमा लगानी भएको स्थिति समीक्षा गर्दा अनुत्पादक क्षेत्रमै बढी लगानी भएको देखिएको छ । व्यापार व्यवसायमा लगानी गर्ने ६८.२१ प्रतिशत, घरघडेरीमा लगानी गर्ने ६५.८० प्रतिशत र गरगहना खरिद गर्ने ६३.१९ प्रतिशत रहेको राष्ट्र बैंकको अध्ययनमा उल्लेख छ । राष्ट्र बैंकका पूर्व गभर्नर दीपेन्द्रबहादुर क्षेत्री रेमिट्यान्सका कारण नेपालमा चाडपर्व मनाउने ट्रेन्ड नै परिवर्तन भएको बताउँछन्। विगतमा दशैं खर्चका लागि साहु महाजनसँग हात थाप्नुपर्ने र चर्को ब्याजमा ऋण काढ्नुपर्ने अवस्था थियो । त्यसलाई रेमिट्यान्सले हटाइदिएको छ । त्यसैले परदेशीको उपहारले दशैंलाई सहज बनाइ दिएको छ । ■















# बर्मा र थाइल्याण्डका नेपालीहरुको दशैं



रमेश खड्का

बर्मा र थाइल्याण्डमा नेपालीहरुको संख्या लाखौंमा छ । यो नेपालीको संख्या भूगोल र नागरिकताको सीमाभन्दा बाहिर छ । उनीहरु कोही बर्मा र कोही थाइ नागरिकको रुपमा रहेका छन् । तर, भावनाको हिसावले उनीहरु सदैव नेपाल र नेपालीसँग जोडिएका छन् । नेपाल बाहिरका नेपालीको कुरा गर्दा यी दुई देशमा रहेका नेपालीहरु, उनीहरुले पछ्याएको भाषा, भेष र संस्कृति संसारभरका नेपालीहरुको लागि एउटा पाठ हो । एउटा बेग्लै शिक्षा हो ।

उनीहरुको भनाइमा भाषा र भेष सकियो भने उनीहरु सकिन्छन वा नासिन्छन । त्यसैले पुर्खाले अपनाएको बाटो उनीहरु भुल्न चाहँदैनन् । बर्मामा करीव डेढसयवर्षभन्दा अघि नेपालीहरुको प्रवेश भएको थियो । त्यहाँ जाने पहिलो पुस्ता पहिलो र दोस्रो विश्वयुद्धको दौरानमा गोर्खा सैनिकको रुपमा त्यहाँ प्रवेश गरेको थियो । पछाडि भने उनीहरुका आफन्त र नजिकका मानिसहरु पनि नेपाल जस्तै लाग्ने बर्माका पहाडी भेकमा बसाइ सरेका थिए । उसबेला देश बाहिर जान नागरिकता वा पासपोर्टको कुनै प्रवन्ध थिएन । आफन्तको पछि लागेर ठूलो संख्यामा त्यहाँ गएर खेतीका काममा लाग्नेहरु पनि धेरै भए । उव्जनीयोग्य जमीन ,त्यो पनि सित्तैमा पपाउने भएकोले उनीहरुको कृषि जीवन बर्मामा पनि राम्रोसँग चल्यो ।

> थाइल्याण्ड पुग्ने पहिलो पुस्ता भने बर्माको बाटो भएर माइनमा काम गर्न पुगेका थिए । बर्माको बोर्डरको रुपमा रहेको पिलोक भन्ने पहाडमा फलाम र सीसाको खानीमा काम गर्न पुगेका थिए उनीहरु ।

थाइल्याण्ड पुग्ने पहिलो पुस्ता भने बर्माको बाटो भएर माइनमा काम गर्न पुगेका थिए । बर्माको बोर्डरको रुपमा रहेको पिलोक भन्ने पहाडमा फलाम र सीसाको खानीमा काम गर्न पुगेका थिए उनीहरु । लामो समय उनीहरु यही माइनको काममा संलग्न भए । संरक्षण क्षेत्र र जलविद्युत



आयोजनाको काम सुरु भएपछि माइन बन्द भयो र उनीहरु थाइल्याण्डका विभिन्न ठाउँमा लाखापाखा लागे । लामो समय अनागरिकको रुपमा रहेका उनीहरु करीव ४० वर्षअघि त्यहाँको कानून अनुसार परिचयपत्र पाउन सुरु गरे । पछि यही प्रमाणको आधारमा पिलोकी नेपाली भनेर थाइ सरकारले नागरिकता दिन सुरु गर्‍यो । यसको लामो कथा भने छ ।

यी दुई देशमा भएका नेपालीहरुको छोटो इतिहास यही हो । तर यति लामो समयसम्म उनीहरुले नेपाली संस्कृतिको बाटो जो पछयाए, त्यो भने अनुकरणीय छ । पाँचौ वा छैठौं पुस्तासम्म आफ्नो भाषा र संस्कृति बचाइराख्नु यहाँको नेपाली समाजले गरेको महत्वपपूर्ण कार्य हो । दशैंमा जमरा राख्ने, पुजा आराधना गर्ने, आफन्तहरुकोमा जाने, टीका ग्रहण गर्ने कुरालाई उनीहरु महत्वका साथ लिन्छन् । नेपालमा जस्तै धेरैवर्षअघि बलीको परम्परा भएपनि पशुबली दिने चलनमा भने यहाँ व्यापक कटौती भएको छ । दशैंमा बली दिने कार्य गर्न धेरै ठाउँमा बन्द भएको छ । सयौंको संख्यामा आफैले बनाएका नेपाली मन्दिमा दुबै देशमा निकै भीड हुन्छ नेपालीहरुको । बर्मामा तीनसयभन्दा बढी नेपाली मन्दिरहरु उनीहरु आफैले बनाएका छन् । थाइल्याण्डमा पनि केही दर्जन मन्दिरहरु बनाएका छन उनीहरुले । ययसले नेपाली समाजलाई जोड्न सजिलो भएको छ ।

नेपाल देश छाडेको धेरै भएपनि यहाँ रहेका नेपालीहरुले नेपाली भाषा, संस्कृति रहन सहन र परम्परा धानिरहेका छन् । नेपालबाट उनका पुर्खाले सयौंवर्षअघि लिएर गएको नेपालीपन सदियौंसम्मम पनि उनीहरुले जिउँदो र जाग्दो राखिरहेका छन् । नेपालमा नेपालीहरुको सबैभन्दा ठूलो चाड दशै तिहार नजिकिंदा गर्दै यी दुई देशका नेपालीहरु पनि उही संस्कृति धान्ने अभियानमा रहन्छन् तनमनका साथ ।


आफ्नो भाषा र संस्कृति आफ्ना बालबच्चाहरुलाई उनीहरुले सिकाउँदै लगेका छन् । अर्को पुस्तामा उनीहरुले नेपाली भाषा र संस्कृतिको कुरा सिकाउँदै लगेका छन् । नेपालीपन बचाउनमा यसले ठूलो काम गरेको छ । बर्मा र थाइल्याण्डको डायस्पोरा नेपालको बर्मा र थाइल्याण्डको नेपाली डायस्पोरा समाजसँग संसारका धेरै नेपालीहरुले पस्किनु पर्ने कुरा छन् ।

विभिन्न जातजाती भाषा सम्प्रदाय हामी नेपालमा छौं । यस्तै चित्र बर्मा र थाइल्याण्डमा पनि छ । त्यहाँ पनि बहुजातीय समाज छ । तर, नेपालीपन लिएर बाँच्नमा उनीहरु खुशी छन् । मनमा नेपाल लिएर बस्ने हजारौं र केही लाखमा रहेको यो संख्या नेपालको भावनात्मक सीमा समेटिएका नेपाली हुन् । नेपाललाई उनीहरु पितृभूमि भन्छन् । पुर्खाको देशप्रति उनीहरुको अगाध स्नेह र माया छ । उनीहरु अझ धेरै कालसम्म नेपाली नै भएर रहन चाहन्छन् । उनीहरुलाई लाग्छ ,यो उनीहरुको पनि देश हो । यसमा उनीहरु गर्व गर्दछन् । ■










# दशैंको महिमा



डा.उद्धव पुरी

"नेपालीसँग मात्रै यस्ता कतिपय मौलिक चाडपर्वहरु छन्, जुन अन्य देशका मानिसको परम्परामा छैन । यो प्राचीनता र मौलिकता यहाँका सबै मूलबासीहरुको परिचय हो ।"

नेपालका मुख्य-मुख्य चाडवाडप्रति अनुदार प्रकट गर्ने प्रयास केही वर्षदेखि चल्दै आएको छ । जसका पछाडि कुनै निहित स्वार्थ छ र उनीहरु आफ्नै धर्म, संस्कृति परम्परामाथि धावा बोलिरहेका छन् । सामान्य रूपमा हेर्दा जीवजन्तु र पन्छीहरू त आफ्नो भौगोलिक बास र परिवेश खोज्दछन् । आफ्नो पहिचान र परिचयलाई सबैले गौरव मान्छन् । त्यस्तै, सनातन जसभित्र सनातनी र बौद्ध दुवै पर्दछन् र त्यसको जननीभूमि नेपाल हो ।



तिनै सनातन र बौद्धका इतिहास वा प्राचीनताजस्ता विश्वमा अरु कुनै धर्म, संस्कृति र परम्परा जेठो भएको पुष्टि हुँदैन । यो नै सभ्यताको मौलिकता पनि त्यस्तै हो । यही नै नेपालीको पहिचान हो ।

तर, विडम्बना जाति विशेषमा खेल्दै धर्म, संस्कृति र परम्परामा क्षिद्र हालिएको छ । देशको नेतृत्व गर्ने कतिपय नेता पनि यसैका मतियार बनेका उदाहरणहरू भेटिन्छन् ।

नेपालमा लगभग प्राचीनकालको अन्त्यदेखि पश्चिम नेपालका केही स्थान बाहेक यस्तै नेपाली बनेकाहरूले शासन गर्दै आएको देखिन्छ । जसले नेपाली सनातनीलाई हिन्दु बनाए र अहिले अरु बनाउन लागि परेका छन् ।

जुन प्रयास वर्तमान संविधानमा समेत समेटिन पुगिसकेको छ । अहिले जातीय र धार्मिक समस्या बढेको देखिन्छ । यसका केही दोषी आफ्नै धर्मभित्र केही लोभीपापी पण्डित्याइँ वर्गहरू छन् । जसले सनातन र बौद्ध धर्मका मूल ग्रन्थहरूमै नभएको र आफू अनुकूल र आफ्नो मात्र स्वार्थमा पाप र धर्म, उच र नीच र शासक र शासितको कर्म फैलाएका छन् ।

यो पनि अल्प ज्ञानको पराकाष्ठा हो र यसलाई सुधार्न नेपालका मूलवासीको कर्तव्य र दायित्व हो । यस पटकको दशैंले यही र यस्तै महानताको परिवेश जगाउन थालोस् भन्ने सोच्नु अन्यथा नहोला ।

नेपालका सनातनी बौद्ध र हिन्दु दुवैले दसैंलाई मानेको परम्परा छ । अझ स्व. स्वामी परपन्नाचार्यले त दशैं तिनै अहिले आदिवासी भनिने जो प्रकृति पूजनदेखि आएका मूल नेपाली हुन्, तिनको मौलिक चाड मानेका छन् र त्यसको मौलिकता तिनैसँग भएको बताएका छन् ।

२०४६ सालपछि केही व्यक्ति विशेषको भड्काउ पनलाई मध्यनजर गर्दै शान्त र स्वशासित रहन धर्म ज्ञाताका रूपमा भनेका थिए । किनकि नेपालको प्रसङ्गमा यो चाड कसले सुरु गर्‍यो र कहिलेदेखि मनाउन थालियो भन्ने कुनै यकिन प्रमाण दिन सकिँदैन ।

राम र रावणसँगको प्रसङ्ग त पछि जोडिएको हो । रामले पनि दुर्गाको आराधना गरेर शक्ति प्राप्त गरेको विषयमात्रै हो । पूजा, आराधना, ध्यान र तन्त्र मन्त्रको सट्टा काटमार र रातो टीका पछि जोडिएका हुन् ।

अहिले पनि दशैंको बेलामा निधारभरि सेतै टीका र शीरभरी जमराले भर्ने गरेको देख्न सकिन्छ । जसको प्राचीनता रङ्गको उत्पत्ति वा प्रयोगको पूर्वदेखि हो । दशैंको त्यो मौलिकता शताब्दीयौं लामो भएकोले त्यसमा परदेशीको प्रभाव र संस्कृतिमा थपिदै आएको विकृतिको उपज अहिलेको दसैंमा देखिएको छ ।

हामी यसको मौलिकता नखोजेर त्यसमा थपिएको बोझिलो विकृति र परम्परालाई खोजेर सुधार्नको सट्टा विरोधमा उत्रिएका छौं । यहाँ नेपालमा अहिले पनि सनातन र बौद्ध दुवैले बेग्ला बेग्लै नाम र परम्पराबाट दसैं अवधिभरलाई मुख्य चाड मान्दछन् । सनातन वालाका धेरै पक्षहरू यसलाई दशैं भन्दछन् र दुर्गाको आराधना वा पूजा गर्दछन् ।

उनीहरु देवी महात्म्य र सप्तशतीको आधारमा असुरपक्षको नास गरी सत्यपक्षको विजयको लागि लामो वा नवौं दिनसम्म पूजा आराधना गरी त्यही शक्तिको प्रतीक टीका र जमरा ग्रहण गर्दछन् ।

नेपाली महायानी बौद्धहरू जो नेपालका मूलबासीहरु पनि हुन् उनीहरु मोहनी नखः सोही अवधिमा मान्दछन् । यहाँ देवीको हैन काय, वाक, चित्तलगायत शुद्ध पारी अनेकौं मारहरु हटाउन र आफूमा भएको दश अकुशलादि कर्मबाट मुक्त हुने प्रकृयालाई मार छाड्ने भन्ने संज्ञा दिएर विशेष पूजापाठ गर्दछन् । यता भन्ने गरिएको जमरा जस्तै बौद्धले उमारेको नःला स्वा नै टीका र प्रसाद बन्दछ । बौद्धहरू यस समयमा बौद्ध दर्शन अनित्यको ज्ञान दिन्छन् । दुवैका अन्तिम क्षण वा लक्ष्य भनेको असत्यमाथि सत्यको विजय र थालनी वा सत्कर्म र सत्कार्यको थालनी भन्ने नै देखिन्छ ।

नेपालीसँग मात्रै यस्ता कतिपय मौलिक चाडपर्वहरू छन्, जुन अन्य देशका मानिसको परम्परामा छैन । यो प्राचीनता र मौलिकता यहाँका सबै मूलबासीहरुको परिचय र पहिचान हो । ■

















# ब्रेन ड्रेन र राजनीतिक विकृतिले अर्थतन्त्र तहसनहस



डा. दिवाकर वशिष्ठ

"वैदेशिक रोजगार खुला गरिएको मुलुकमध्ये दक्षिण कोरियामा सरकारी सम्झौता अनुरुप कामदार पठाइएको पाइन्छ । जापानलगायतका देशसँग पनि रोजगारीको लागि सरकार स्तरमा कामदार पठाउने श्रम सम्झौता गरिसकिएको छ भने उक्त सम्झौताहरु कमस कार्यान्वयनको चरणमा रहेको देखिन्छ ।"

नेपालका राजनैतिक दलहरुको प्रवृति हेर्दा आपसि लडाई, पद, प्रतिष्ठा, शक्ति, नातावाद, कृपावाद र जसरी पनि चुनाव जित्ने मनसाय, आफ्ना लाई काखा र अरुलाई पाखा लगाउने र वौधिक क्षमता र दक्षता भएका व्यक्ति को अनादर जस्ता क्रियाकलाप पछिल्लो समय झन मौलाएको छ। विश्वव्यापी भोकभरी सुचकांक २०२२ मा नेपाल ८१ औं स्थानमा थियो। यसमा सुधार गर्दै नेपाल यस वर्ष ६९ औं स्थानमा आईपुगेको कुरामा खुसि मानिहाल्नु पर्ने पक्ष छैन। किनकी आर्थिक पारदर्शिता र शुसासनमा नेपालको अवस्था निकै कमजोर छ। स्वदेशमा नै रोजगारिको अवस्था सिर्जना गर्नु पर्नेमा विदेश संग श्रम संझौता हुंदा हामी खुसि मनाउने गर्दछौं । वजारमा तरलता वढि भएर राष्ट्रवैकले ऋणपत्रहरु जारी गरि तरलता खिच्नु परेको छ। कर्जा लागानी खुम्चिदै गएको छ र ऋण अशुली कमजोर हुदै गएको छ। ऋण अशुली लगायत लाई लिएर कर्मचारीमा मानसिव तनाव थपिदै गएको छ । वढ्दो जुंगाको लडाईले शेयरवजारमा सर्वसाधरणको अर्वौ लागानी रकम फसेको छ । राजस्व संकलन न्युन हुदै गएको छ । राजस्वको अभावले सरकारले तलव खुवाउन र अन्य विकास निर्माणका कार्यहरुको भुक्तानि दिन कठिन भई रहेको छ। आन्तरिक र बाह्य ऋणले उचाइ लिइरहेको छ। सहकारीमा जनताको अर्वौ फसेको छ जिम्मेवारी लिन कोहि तयार छैन । भ्रष्टाचार मा अपेक्षित कमी आउन सकेको छैन । आर्थिक वृद्धिदर न्युन हुदैगएको छ, निर्यातमा सुधार आउन सकेको छैन। विदेशी मुद्राको संचिती वड्दैमा अर्थतन्त्रमा सुधार आई हाल्छ भन्ने छैन । अन्तराष्ट्रिय संस्थाले हचुवाको भरम प्रक्षेपण गरेको आर्थिक वृद्धिलाई आधार मान्न सकिदैन। गर्ने नेपाली ले हो। अहिलेको अवस्था हेदा आर्थिक वृद्धि दर ३ प्रतिशत भन्दा वढि होला भन्ने अवस्था छैन। सवै विदेश गएर खेतवारीमा काम गर्ने मानिस छैन। कृषिमा आधारित मुलुक नेपालमा जम्मा ५५ प्रतिशतको हाराहारीमा जनता कृषि पेशामा लाग्नु र कृषकले समेत विचौलियाको कारण उचित मुल्य नपाउदा कृषि क्षेत्रमा चुनौति थपिएको छ। वौधिकवर्ग पलायन भएर उधोग धन्दा चलाउने व्यक्तिको अभाव छ । विधार्थीहरु प्लस टु पास गर्दा वित्तिकै विदेश जाने प्रवृधिले नेपालमा संचालित सरकारी र नीजि कलेजहरु वन्द हुने अवस्था छ जसवाट अवौं रुपियाको राजस्व गुमेको छ। सरकारको शैक्षिक र व्यापारिक नीतिहेर्दा नीजि क्षेत्रलाई तहसनहस पार्ने देखिन्छ। देशमा अधिक चिनीमिल र खाधान्नसँग सम्बन्धित उद्योग धन्दा सञ्चालनमा छन् चाडबाडको बेलामा चिनी लगायतका आवश्यक उपभोग्य वस्तुको मुल्य वृद्धिले जनताको ढाड सेकेको छ । विदेशी लगानी अपेक्षित भित्रिन सकेको छैन । राष्ट्रिय गौरवका आयोजनाहरु समयमा संपन्न हुन नसकि हरिविजोक छ। राष्ट्रिय स्वार्थमा राजनीतिक दल एक हुन सकेको अवस्था छैन तसर्थ ब्रेन ड्रेन र राजनीतिक विकृतिले देशको अर्थतन्त्र तहसनहस भएको छ भन्नुमा अत्युक्ति नहोला ।

दलीय अन्तरद्वन्द्वले राजनैतिक अस्थिरता निम्त्याउँछ जसवाट विदेशी हरुले नेपालमा लगानी सुरक्षित देख्दैनन एकातर्फ भने अर्कोतर्फ कर्मचारी तन्त्रमा समेत राजनीति हावी भएको फलस्वरुप कर्मचारी युनियनको दवदवा छ । हालका दिनहरुमा त नीजि अस्पताल तथा कम्पनीहरु, शैक्षिक संस्था समेतमा कर्मचारी युनियनको वाहुल्यता रहेको कारण व्यवस्थापनले चाहेर नत दक्ष कर्मचारी भर्ना गर्न सक्दछ नत सरुवा र वढुवा गर्न सक्दछ। समग्र नीति निर्माणमा समेत कर्मचारी युनियनको दवदवा देखिन्छ जसवाट संस्थाको उत्पादकत्वमा र राजस्व संकलनमा प्रतक्ष्य असर परेको देख्न सकिन्छ। यदि वर्तमान सरकारले भने जस्तो आर्थिक समृद्धिको कुरा गर्ने हो भने दलगत स्वार्थ त्याग गर्ने, अन्तरपार्टि संवन्ध विस्तार गर्ने, पार्टिमा आन्तरिक गुट उपगुट को अन्त्य गर्ने, कडा अनुशासनको विकास गर्ने, कर्मचारीहरु संग मैत्रिपुर्ण व्यवहार गर्ने, अन्तराष्ट्रिय क्षेत्रलाई विश्वासमा लिने, संस्थागत सुशासन कायम गर्ने, हचुवाको भरमा लोकप्रिय नारा नलगाउने, कुरा भन्दा काम धेरै गर्ने, नातावाद र कृपावाद लाई हटाई हाम्रो नभनी राम्रोलाई प्रथमिकता दिने, देशमा नै प्रतक्ष्य वा अप्रतक्ष्य रोजगारी सृजन गर्ने, साधरण भन्दा विकास खर्च मा जोड दिने, कृषि क्षेत्रको विकास गर्ने र आयात लाई प्रतिस्थापन गर्ने, निष्पक्ष रुपमा दण्ड र संजायको व्यवस्था गर्ने, संवैधानिक निकाय र अदालतमा राजनैतिक हस्तक्षेप वन्द गर्ने र उनिहरुलाई विरोधी तर्साउने हतियारको रुपमा प्रयोग नगर्ने हो भने मात्र राजनीतिक विकृतिमा नियन्त्रण भई नेपालको अर्थतन्त्रमा चमत्कारिक सुधार आउने र देशले छिट्टै आर्थिक वृद्धि हासिल गर्न सक्ने कुरामा कसैको दुईमत नहोला।

सन् १९८० को दशकदेखि शुरु भएको विश्वव्यापीकरण तथा आर्थिक उदारीकरणको लहर र त्यसले ल्याएको आर्थिक एकीकरण सँगसँगै विश्वव्यापी रुपमा अन्तर ाष्ट्रिय व्यापार, आप्रवासन र वैदेशिक पुँजी प्रवाहमा वृद्धि भएको पाइन्छ । नेपालबाट पनि विगत दुई दशकयता तेस्रो मुलुक (खासगरी मलेशिया र खाडी मुलुक) तर्फ वैदेशिक रोजगारका लागि जानेको संख्या र वैदेशिक रोजगारीबाट प्राप्त हुने विप्रेषण आप्रवाहमा उल्लेख्य वृद्धि हुँदैगएको छ। हाल संस्थागत रुपमा नेपालले वैदेशिक रोजगारीका लागि ११० देशहरु खुल्ला गरेको छ भने ८ देशहरु ( कतार, यूएई, जापान, दक्षिण कोरिया, बहराइन, इजराइल, जोर्डन, र मलेशिया) सँग द्विपक्षीय श्रमसम्झौता गरेको छ। व्यक्तिगत श्रम स्वीकृतिमा १७२ मुलुकमा नेपालीहरु कामका लागि वैदेशिक रोजगारीमा गएको पाइन्छ । वैदेशिक रोजगार खुला गरिएको मुलुकमध्ये दक्षिण कोरियामा सरकारी सम्झौता अनुरुप कामदार पठाइएको पाइन्छ। जापानलगायतका देशसँग पनि रोजगारीको लागि सरकार स्तरमा कामदार पठाउने श्रम सम्झौता गरिसकिएको छ भने उक्त सम्झौताहरु कमस कार्यान्वयनको चरणमा रहेको देखिन्छ तथापी श्रम स्वीकृतिका आधारमा वैदेशिक रोजगारीको लागि नेपाली कामदारहरुको प्रमुख गन्तब्य खाडी मुलुकहरु नै रहेको छ। हाल नेपालवाट दक्ष, अर्धदक्ष, र अदक्ष लगायत गरि दैनिक करिव २००० भन्दा वढि को हाराहारीमा देश छाड्ने गरेको देखिन्छ । यसमध्ये दक्ष व्यक्तिहरु अष्ट्रेलिया, क्यानाडा, अमेरिका लगायतका मुलुकमा विधार्थी लगायत श्रमिकको रुपमा जानेको संख्या पछिल्लो समय निकै वढ्दै गएको देखिनु ले ब्रेनड्रेनको समस्या भविष्यमा कहालि लाग्दो हुन सक्ने तर्फ संवन्धित निकायको वेलैमा ध्यान जानु जरुरी छ। नेपालको अर्थव्यवस्था आन्तरिक स्रोतको परिचालनवाट भन्दापनि वैदेशिक सहयोग, ऋण र मुलत विप्रेषणवाट धानिएको छ भन्ने कुरा सर्वविदितै छ जसले गर्दा नेपालको समग्र अर्थतन्त्र अर्थात घाटा वजेटको पुर्तिमा परनिर्भरता वढ्दै गएको देखिन्छ ।

वैदेशिम रोजगारका सकारात्मक पक्षहरु पनि छन जसमा विदेशमा सिकेको ज्ञान र सिपलाई याहां व्यवहारमा लागु गरेर उद्धमी वन्नेको संख्या पनि मनग्य छन जसले अर्थतन्त्रमा सकारात्मक प्रभाव पार्नुको साथै नेपाली जिवन शैलिमा समेत सकारात्मक प्रभाव पारेको छ । नकारात्मक पक्ष हेदा विप्रेषणवाट प्राप्त अधिक रकम उत्पादनमुलक क्षेत्रमा खर्च नभै अनुत्पादक खर्च वढेको कारण अर्थतन्त्रमा दिर्धकालिन लाभ हुन नसक्ने देखिन्छ। धेरै मानिस विदेशिदा देशमा श्रम शक्तिको तिव्रअभाव एकातर्फ छ भने अर्को तर्फ स्वदेशमा उत्पादनशिल जनशक्तिको अभावले उत्पादन कम भई वस्तु तथा सेवाको आयात वृद्धि भई व्यपार घाटा थप वढ्ने देखिन्छ । युवा लगायतको जनशक्तिको अभावले गाउघर पातलिदै गएको छ। त्यस्तै वैदेशिक रोजगार र अध्ययन गर्न गएका मानिस अलपत्र पर्ने, युद्धको कारण मारिने, आर्थिक मन्दिले लगायतले काम नपाउने, संझौता वमोजिमको काम नपाउनु, श्रमशोषणमा पर्ने, यौनर्दुव्यवहार, आर्थिक शोषण, रोजगारिको क्रममा ज्यान गुमाउने आदि पछिल्लो समय वढ्दै गएको देखिन्छ । प्राप्त विप्रेषणको राम्रो सदुपयोग गर्ने, शिपयुक्त जनशक्तिको विकास गर्ने, औधोगिक, कृषि, पर्यटन र जलस्रोत को विकास गरि स्वदेशमा नै रोजगारि सृजना गर्ने, उद्धमशिलताको विकास गर्ने, अन्तराष्ट्रिय वजार सुहाउदो श्रम शक्तिको विकास गर्ने, सिमान्तकृत वर्गको राष्ट्रिय तथा अन्तराष्ट्रिय क्षेत्रमा पहुच वढाउने, वैदेशिक रोजगारिमा देखिएका समस्या हल गर्ने, वैंकहरुले निकासि जन्य उधोग र कृषि क्षेत्रमा लगानी वृद्धि गर्ने, आन्तरिक उत्पादन वढाई निर्यात वढाउने, भौगोलिक वनावट अनुरुपको विकास नीति वनाई स्वेदशमा नै योग्यता र दक्षताको आधारमा रोजगारि दिलाई युवा पलायन लगायत ब्रेन ड्रेनको समस्या हल गर्नु पर्दछ । वैदेशिक रोजगारिलाई व्यवहारिक रुपमा गतिशिल वनाई स्वदेशमा रोजगारको अवसर सृजना गर्नको लागी सरकार, वैदेशिक रोजगार व्यवसायि लगायत सरोकारवाला सवैको बेलैमा ध्यानजानु अपरिहार्य भै सकेको छ अन्यथा ब्रेन ड्रेन एवं अर्थतन्त्रमा सुधार कहिले ? भन्ने प्रश्न यत्रतत्र सुनिन थालेको छ। ■

*(लेखक बैंक तथा वित्तीय संस्थाका विज्ञ हुन् ।)*
























# नायकको खोजीमा भड्किएको नेपाली राजनीति



डिल्ली बसेल

> जनताको नासो जनतालाई दिएँ भनेर गणतन्त्र ल्याउन सहयोग गरिदिएका पूर्व राजा ज्ञानेन्द्र जहाँ जान्छन उनी थामिनसक्नु भीडले घेरिन थालेका छन् । १८ वर्ष अघि ज्ञाने चोर देश छोड भनेर नारा लगाउने जमात आफैं देश छाडेर हिंड्नु परेको यथार्थ छ ।



नेपालमा संसदीय चुनाव भएको एक वर्ष पनि पुरा भएको छैन । गत वर्ष मंसीरमा चुनाव भएपछि गठन भएको संसदले एक वर्ष पनि पार गरेको छैन । नयाँ संसदबाट बनेको सरकारले पनि एक वर्ष पार गर्न सकेको छैन । तर मानिसहरुमा उकुसमुकुस कस्तो छ भने अर्को चुनाव अर्थात ०८४ को चुनावको चर्चा गर्न थालिसकेका छन् । सर्वसाधारण, लेखक, विश्लेष वा पत्रकारले मात्रै होइन सत्तामा रहेका र सत्ता बाहिर रहेका दलहरुले नै अहिले ०८४ चुनावको चर्चा गरिरहेका छन् । यो सरकार वा यो संसदबाट केही पार लाग्दैन भन्ने भएरै अर्को चुनावको चर्चा हुन थालेको हो । तर नेपाली समाजमा बढेको आक्रोशको अवस्था हेर्दा ०८४ अघि नै चौपट हुने आँकलन गर्न थालिएको छ ।

प्रमुख प्रतिपक्षी एमालेदेखि नयाँ शक्तिको रुपमा उदाएको राष्ट्रिय स्वतन्त्र पार्टी मात्रै होइन, कांग्रेसभित्रै पनि मिसन ८४ भन्ने नारा शुरु भईसकेको छ । नेताहरु बारम्बार मिसन ८४ भन्दै हिंडिरहेका छन् । विशेष गरी रास्वपाले यसलाई बढी चर्चामा ल्याएको छ । अहिलेसम्म रास्वपा नै बढी लोकप्रिय पनि देखिएको छ । रास्वपा भन्दा पनि सो पार्टीका सभापति रवि लामिछानेको लोकप्रियतामा कत्ति पनि कमी आएको छैन भन्ने देखिएको छ । उनी तीन साता अघि रोल्पा पुग्दा जुन मात्रामा मानिसहरु उपस्थित भए त्यसले लामिछानेको लोकप्रियता बढ्दो छ भन्ने पुष्टि गरेको छ । जनयुद्धको आधारभूमि भनिएको रोल्पामा रवि लामिछाने पुग्नु विप्लवका लागि समेत ठूलो टाउको दुखाई भएको कुरा छताछुल्ल भयो । विप्लवमा मान्छेहरुले नै देश अब रविको हातमा जाने भयो भन्ने अभिब्यक्ति दिएका देखियो । अर्थात रोल्पालाई विगत ३० वर्षदेखि आधार बनाएका कम्युनिष्टहरु पनि हतास भईसकेका छन् ।

मानिसहरुले कुनै नायकको खोजि गरिरहेको हो कि भन्ने आभाष रवि लामिछानेहरुको लोकप्रियताले देखाउँछ । त्यसो त लामिछाने भन्दा ठूलो क्रेज काठमाडौंका मेयर बालेन शाहको छ । बालेन शाहले त सिंहदरबारमा आगो लगाईदिन्छु भन्दा पनि लाखौंले समर्थ गरिरहेका छन् । बालेनको विरुद्ध बोल्ने आँट कसैले गर्नै सक्दैन, यति बेला । बालेन त्यो ब्यक्ति हुन जो प्राबिधिक रुपमा मात्रै यो संविधानभित्र छन् । तर ब्यवहारिक रुपमा उनले यो संविधान नै मानेका छनन । न गणतन्त्र दिवसका कार्यक्रममा जान्छन् नत संविधान दिवसका कार्यक्रमा नै । संविधान दिवसका दिन राष्ट्रपति रामचन्द्र पौडेलले डाकेको शितल निवासको भोज समेत उनले बहिष्कार गरे । नेताहरुलाई ठाडै चोर भन्ने हिम्मत गर्ने उनको पछाडिको समर्थनले पनि देश एउटा नायकको खोजीमा छ भन्ने देखाउँछ ।

जनताको नासो जनतालाई दिएँ भनेर गणतन्त्र ल्याउन सहयोग गरिदिएका पूर्व राजा ज्ञानेन्द्र जहाँ जान्छन उनी थामिनसक्नु भीडले घेरिन थालेका छन् । १८ वर्ष अघि ज्ञाने चोर देश छोड भनेर नारा लगाउने जमात आफैं देश छाडेर हिंड्नु परेको यथार्थ छ । तर नयाँ पुस्ता भने अहिले ज्ञानेन्द्रको पछाडि दौडिन थालेको छ । कुनै पञ्चे वा दरबारिया भनिनेहरुको भीड होइन ज्ञानेन्द्र वरपर जम्मा हुनेहरुको भीड । यसै पनि हिजोका पञ्चे भनिनेहरु र दरबारिया भारदारहरु अब जिउँदो अवस्थामा पनि छैनन । विल्कुल नयाँ पुस्ताका मानिसहरु जसले नेताहरुका कारण भोग्नु परेको सास्ती, बेरोजगारी, बेथिति र अनगिन्ती भ्रष्टाचारका कथा सुनिरहेका छन् । त्यही जमात अहिले ज्ञानेन्द्रप्रति आसा बोकेर हिड्न थालेको छ । त्यो भनेको यो प्रणालीका लागि शुभसंकेत होइन ।

तर नेपालको बर्तमान अवस्थाको विश्लेषण गर्नेहरु भने ०८४ साल अघि नै देशमा ठूलो परिवर्तन भईसक्ने ठोकुवा गरिरहेका छन् । नेपाली समाजमा अहिले जुन खालको अराजकता वा विष्फोटको अवस्था छ त्यसले ८४ सम्म पर्खिन सक्दैन अर्थात त्यो समयसम्म थेगेर थेगिने अवस्था छैन भनिरहेका छन् । एक डेढ वर्षको अवधिभित्रै यो राजनीतिक प्रणाली नै जाने ठोकुवा गरिंदै छ । नेपाली कांग्रेस छाडेर बसेका युवा नेता अमरेश कुमार सिंहले बारम्बार यो संविधान र यो राजनीतिक प्रणाली जाने र देश यथास्थितिमा नरहने ठोकुवा गरिरहेका छन्, सार्वजनिक रुपमै । भारतको खुफिया एजेन्सीसंग निकट मानिने सिंह मन गढन्ते वा आग्रह पूर्वाग्रहले बोल्ने मानिस होइनन् । नत उनी अरु झैं आधारहीन डंका पिट्ने मानिस हुन । खाशमा यो गणतान्त्रिक ब्यवस्थाका उनी जन्ती हुन र यसका कट्टर पक्षपाती पनि हुन । तर उनी यो प्रणाली कुनै हालतमा टिक्दैन भन्नेमा ढुक्क छन् । ०८४ अघि नै देशमा ठूलै परिवर्तन हुने ठोकुवा गर्ने सिंहसंग ब्यक्तिगत रुपमा कुरा गर्दा उनले दिने तर्क र आधारहरुमा विमति राख्ने अवस्था पनि देखिंदैन । अमरेश सिंह मात्रै होइन, अन्य जानकारहरु पनि ०८४ मा यो संविधान अन्तर्गत चुनाव हुदैन भनिरहेका छन् । कतिपयले त ०८४ अघि नेपालमा हुने घटनाक्रमका तालिका नै पनि सुनाउने गर्दछन् ।

यो प्रणालीको सवैभन्दा महत्वपूण पक्ष भनेको गणतन्त्र हो । माओवादीको दश वर्षे जनयुद्ध होस कि एमालेवालाहरुको ०२८ सालदेखिको हिंसा हो वा कांग्रेसको ००७ सालदेखिको संविधानसभाको माग होस ती सवैले भयंकर उपलब्धि भनेको यही गणतन्त्र हो । तर यही तन्त्र झन् पछि झन् बदनाम हुदैछ । गणतन्त्रका अगुवा नेताहरु सार्वजनिक कार्यक्रममा जाँदा कहाँ कुन दिन आक्रमणमा परिन्छ भन्ने चिन्ता गर्नुपर्ने अवस्थामा छन् । गत साता बझाङमा भूकम्पग्रस्त क्षेत्रको अवलोकन गर्न पुगेका प्रधानमन्त्री प्रचण्डमाथि झण्डै प्रहार भएन । जिल्ला प्रशासन कार्यालयभित्र बसका प्रधानमन्त्री प्रचण्डलाई गोली ठोक भन्दै युवाहरु जंगिनु चानचुने आक्रोश होइन । अरु नेताहरु पनि आफ्नो घेराका कार्यकर्ता भन्दा बाहिर गएर बोल्न सक्ने अवस्था विल्कुल छैन ।

अर्कोतर्फ धर्मको राजनीतिले विस्तारै जरा गाड्दैछ । नाम मात्रैको हिन्दू राष्ट्रमाथि राजनीति गरेर धर्म निरपेक्षता गराउनु नै अभिशाप हुने अवस्था आईसकेको छ । हिजो हिन्दू राष्ट्र हुँदा सवैलाई समेटेर जानुपर्छ भन्ने हिन्दूहरु नै अहिले कठोर कुरा गरिरहेका छन् । कुरा मात्रै गरिरहेका छैनन उनीहरु अभूतपूर्व रुपमा संगठित हुदैछन् । कुनै पनि नेता हिन्दू जनमतका अगाडि गएर बोल्न सक्ने अवस्था छैन । सामान्यत: मान्छे मर्दा बल्ल मऱ्यो भनिदैन तर गत महिना संविधान सभाका तत्तकालिन अध्यक्ष सुबास नेम्वाङ मर्दा सामाजिक संजालमा श्रद्धान्जली भन्दा बढी उनलाई गाली गर्नेहरुको बाहुल्यता थियो । उनको दोष देशलाई धर्म निरपेक्ष बनाउनुमा थियो भन्ने बुझाई आम मानिसको थियो ।

यो प्रणालीको एउटा खम्बा मानिएको संघीयता दिन प्रतिदिन बदनाम हुदैछ । कोशी प्रदेशमा एक वर्ष नपुग्दै पाँचौं सरकार गठन गर्ने कसरत भईरहेको छ । अब गठन हुने सरकार पनि त्यहाँ चल्छ भन्ने छैन । अन्यत्र पनि प्रदेश सरकार हुनु न नहुनको कुनै अर्थ छैन । सरकार मात्रै होइन, प्रदेश सांसदहरु नै आफू किन सांसद बनेको हो भन्ने प्रश्न गर्ने अवस्थामा छन् । प्रदेश सरकार चाहिंदैन भन्दै विराटनगरमा त स्थानीयले जुलुस नै निकाले । स्थानीयलाई नै घाँडो बनिसकेको प्रदेशको बोझ देशको अर्थतन्त्रले पनि धान्ने अवस्था छैन । त्यसमाथि यो प्रणाली यति धेरै खर्चिलो भयो कि केन्द्रदेखि वडा सदस्यसम्मका लागि बार्षिक दुई खर्ब रुपैयाँ त तलब, भत्ता र घोडा गाडीमै खर्च गर्नुपर्दछ । जतिसुकै ईमान्दार शासक आए पनि यो प्रणाली राखेर त्यो खर्च घटाउन सक्दैन । तसर्थ जसलाई जति माया लागे पनि वा जति नै आवश्यक हो भने पनि यो प्रणालीले गरिखाँदैन भन्ने आम बुझाई छ । प्रश्न यत्ति हो, त्यसो भए अब के त ? ■











# चलचित्रको पर्दामा दशैं





विजयरत्न तुलाधर

> चलचित्रमा दशैंलाई भिन्न भिन्न रुपमा प्रस्तुत गरिएको भेटिएतापनि दशैंलाई प्रत्यक्ष र सजिव रुपमा पर्दामा उतारिएका चलचित्रहरु भने त्यति हेर्न पाइएको छैन ।

अहिले एउटा नयाँ चलचित्र "परदेशी २" चलेको छ। यो भन्दा पहिला "गोरखापल्टन" र "परदेशी" बनाइसकेका निर्देशक नारायण रायमाझीको निर्देशनमा बनेको "परदेशी २" दशैंको छेको पारेर प्रदर्शनमा आउँदैछ। यो चलचित्रमा वैदेशिक रोजगारमा गएका छोरा र दशैंबारेका दृश्य समेटिएको छ। विशेष गरेर "हिजो काम आज काम" बोलको गीतमा दशैमा आफन्तबाट टीका थाप्न आउन नपाएको पीडा पोखेका छन्। यसभन्दा अघि निर्देशक रायमाझीका दुबै चलचित्र पहिला "गोरखापल्टन" र "परदेशी" मा पनि दशैंको मार्मिक चित्र प्रस्तुत गरिएको थियो। "परदेशी" को "त्यसै विदेश नजानु" र "दशै. तिहार" बोलका गीतमा दशैं र विदेशिएका सन्तानको पीडा प्रस्तुत गरिएको थियो । दशैं गीतको कारण चर्चा भएको एउटा चलचित्रको नाम "नतीजा" हो। निर्देशक प्रमोद भण्डारीको यो चलचित्रलाई नयाँ ट्रेण्ड अनुसारको स्वादमा ढालिएको चलचित्रको रुपमा पनि चर्चा गरिंएको थियो। यस हिसाबमा यो चलचित्रमा आधुनिक जमाना अनुसारको दृश्य राखिएको थियो। यसमा ज्यादै राम्रो दशैं गीत राखिएको कुरा प्रकाशमा आएपछि यसको चर्चा अहिले बेग्लै रुपमा भएको कुरा यहाँ उल्लेखनीय हुन आउँछ। दशैं नेपालीको महान् चाड हो। जमरा दशैंको विशेष फूल प्रसादी हो । जुनसुकै देशमा पनि आफ्नो धर्म, संस्कृति र विशेष पर्वलाई महत्वपूर्ण ठाउँ दिइएको हुन्छ । हलिउडका चलचित्रहरुमा क्रिशमश अनि बलिउडका चलचित्रहरुमा ईद, होली, दिपावली, रक्षा बन्धन जस्ता भारतका चाडपर्वहरुले विशेष स्थान पाएको हुन्छ। तर नेपाली चलचित्रहरुका दशैंले त्यस्तो स्थान पाउन सकेको छैन। कलाकारको शिरमा जमराले ठाउँ लिन सकेको छैन। जबकि यही दशैंलाई आफ्नो चलचित्र रिलिज गर्न घम्साघम्सी नै गर्छन्। विशेष गरी स्व. शिव रेग्मीका चलचित्र दशैंको अवसर पारेर प्रदर्शनमा आउने गर्दथे।

चलचित्रमा दशैंबारे चर्चा गर्दा निर्माता तथा निर्देशक युवराज लामाले केही समय अगाडि "दशैं" शीर्षकमा एउटा चलचित्र निर्माण गर्ने घोषणा गरेको कुरा यहाँ उल्लेखनीय हुन आउँछ। तर घोषणा गरेको लामोसमय बितिसक्दा पनि त्यो चलचित्र बन्न सकेन। दशैं सम्बन्धी दृश्य चित्रण गर्न जमराले ठूलो भूमिका खेल्छ। र त्यतिबेला जुनबेला निर्देश लामाले सो चलचित्र बनाउने योजना बनाउँदा जमरा उमार्नुलाई दुरुह मानिन्थ्यो । जमरा उमार्न आठ/नौ दिन लाग्ने भएकोले त्यसको तयारीमा हुने झण्झटको कारण पनि चलचित्रमा दशैंको दृश्य नराखिएको हुनसक्ने विचार पोख्ने युवराज लामाले निर्माण योजना बनाएको दशैं को चित्तबुझ्दो पटकथा तयार हुन नसकेपछि आफूले सो चलचित्र बनाउन नसकेको स्वीकारे। चलचित्रहरुमा दशैंको प्रसङ्ग राख्दै नराखिने भने पक्कै होइन। विशेषगरी वैदेशिक रोजगार सम्बन्धी कथा बोकेका चलचित्रमा दशैंको प्रसङ्गलाई सम्वेदनशील रुपमा प्रस्तुत गरिएको पाइन्छ। निर्देशक शम्भु प्रधानको "नेपाल प्यारो छ" नरेन्द्र थापाको "देशदेखि विदेश" किरण प्रधानको "कस्तुरी" र शिव रेग्मीको "मुग्लान" जस्ता चलचित्रहरुमा विदेशमा बसेका नेपालीहरुले दशैं मनाएको र दशैंको बेला नेपाल सम्झेका प्रसङ्गहरु समेटिएको छ । यस्ता दृश्यहरु "गोरखापल्टन" र "परदेशी" मा राखिएका थिए भने "परदेशी २" मा पनि रहने देखिन्छ । ठूलो पर्दाका चलचित्रहरुमा दशैंले स्थान भए जस्तै टेलिचलचित्रमा पनि ठूलै महत्व दिएका उदाहरणहरु छन्। प्रसिद्ध कलाकर्मीद्वय मदनकृष्ण श्रेष्ठ र हरिवंश आचार्यले "दशैं" शिर्षकको एउटा टेलिफिल्म मार्फत् दशैंको मर्म उजागर गरेका थिए भने सन्तोष पन्तले हिजो आजको कुरा नामक टेलिभिजन कार्यक्रममा दशैंसम्बन्धी रोचक र मर्मस्पर्शी प्रसङ्गहरु धेरैपटक नै प्रसारण गरेका थिए। त्यस्तैगरी अति नै लोकप्रिय कार्यक्रम "तीतो सत्य" मा पनि दशैं बारेमा प्रसङ्गहरु हेर्न पाइने गर्दछ।

चलचित्रको कुरा गर्दा परिवारमा दशैंको बेला पारिवारिक सदस्यको विछोड वा अभाव हुँदाका संवेदनशील मर्मस्पर्सी दृश्य यदाकदा हेर्न पाइने गर्छ । यसपालि दशैंमा पनि छोरो घर आएन । वा यस्तै खालका सम्वाद सुन्न पाइन्छ। चलचित्रहरुमा निर्देशक श्याम राईको आँखा लोभी मन पापी चलचित्रमा विदेशमा काम गर्न गएका सन्तानहरु दशैं जस्तो महान् चाडमा पनि व्यस्तताको कारणले आफ्ना अभिभावकहरुको हातबाट टीका थाप्न नआउने प्रसङ्ग राखिएको छ भने "जीवन रेखा" मा अभिभावकसँग छुटिएर गएका छोरा दशैंमा घर नआएको तर घरमै सँगै बस्दै आएका छोराले अभिभावकको मन बहलाउन खोजेको दृश्य अत्यन्त हृदय विदारक दृश्यका रुपमा चर्चित भएको थियो। जीवन रेखामा सीमान्त उदासले अभिभावकबाट नीर शाह र शकुन्तला शर्मासँग दशैंको टीका र आशिर्बाद थापेको दृश्य राखिएको छ।

निर्देशक तुलसी घिमिरेको एउटा चलचित्र "लहना" मा भारतीय भूमिमा बस्दै आएका नेपालीहरुले मनाउँदै गरेको दशैंको दृश्य समेटिएको थियो। तुलसी घिमिरे यसलाई अभुतपूर्व संयोग मान्छन्। कालिंगपोङ्ग, दार्जिलिङतिर शुटिङ्ग भईरहेकै बेला दसैं पनि परेकोले संजोगवश "लहना" मा भारतीय भुमिमा बस्दै आएका नेपालीहरुले मनाउँदै गरेको दशैंको दृश्य समेटिन गएको कुरा निर्देशक तुलसी घिमिरे बताउँछन्। यी चलचित्रहरु बाहेक अरु केही चलचित्रहरुमा दशैंको बातावरण चित्रण गरिएको पनि पाईन्छ । जस्तो नारायण पुरीको "महादेवी" मा दुर्गा स्तोत्र "जयन्ती मंगलाकाली भद्रकाली कपालिनी" राखिएको छ। यही स्तोत्र निर्देशक नीर शाहको "बसन्ती" मा पनि छ। स्व. लक्ष्मीप्रसाद देवकोटाको अमर कृति "मुना मदन मा आधारित चलचित्रमा "ओखलमा चिउरा कुट्दा दशैंको बास आउँदो हो" भनि उल्लेख गरिएको छ भने "मुगलान को एउटा गीतमा, "कोदो फुल्यो बारीमा.... कति राम्री देखिन्छौ जमरा र रातो टिकैमा" भनि उल्लेख गरिएको छ। निर्देशक अशोक शर्माको "अल्लारे" को एउटा गीत "रातो टिका निधारमा टलक्कै टल्कियो " पनि अति नै लोकप्रिय भएको गीत हो। यही गीतको बोललाई लिएर अशोक शर्माले पछी "रातो टिका निधारमा" शिर्षकको एउटा चलचित्र पनि बनाए । यसरी नेपाली चलचित्रमा दशैंलाई भिन्न भिन्न रुपमा प्रस्तुत गरिएको भेटिएतापनि दशैंलाई प्रत्यक्ष र सजिव रुपमा पर्दामा उतारिएका चलचित्रहरु भने त्यति हेर्न पाइएको छैन । ■



























रेमिट्यान्सको रङ्ग
दशैं विशेष



# रेमिट्यान्स पठाउनेलाई मताधिकार



विमला ढकाल

> अनौपचारिक तथ्यांकका अनुसार ६० लाख नेपाली देशबाहिर विभिन्न मुलुकमा छरिएर रहेका छन् । यो कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० को २० प्रतिशतभन्दा बढी हो । कुल खस्ने मतको हिसाब गर्दा यो आधा हुन आउँछ ।

नेपालमा लामो समयदेखि चल्दै आएको एउटा बहस छ- नोट चल्ने भोट किन नचल्ने ? यो बहसको निरुपण आगामी आमचुनावमा गर्ने प्रयासमा निर्वाचन आयोग लागेको छ । देश विप्रेषण, रेमिट्यान्स अर्थात विदेशबाट पठाएको पैसाले चलिरहेको छ । त्यही पैसा कमाउनेले भोट हाल्न नपाउने अवस्थाको अन्त्य गर्ने गी निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकहरूको मतदाता नामावली दर्ता तथा अद्यावधिक गर्ने कार्यविधिको मस्यौदा तयार गरेको छ ।

निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुले सम्बन्धित देशबाटै भोट हाल्न पाउने गरी कानुनको मस्यौदा तयार पारेर गृह मन्त्रालय समक्ष पेश गरेको छ । निर्वाचन आयोगले आन्तरिक रुपमा विदेशमा रहेका नेपालीहरुको मतदाता नामावली संकलनको कार्य पनि अगाडि बढाएको छ। यसक्रममा निर्वाचन आयोगले विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को मस्यौदा तयार पारी सार्वजनिक गरिएको हो ।

निर्वाचन आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेल आयोगको वेबसाइटमार्फत सार्वजनिक गरेको कार्यविधिमा सरोकारवालाले सुझाव उपलब्ध गराउन सक्छन् । उनी भन्छन्, 'विदेशमा रहेका नेपालीलाई विदेशबाटै मताधिकार प्रदान गर्ने प्रयास जारी छ । यसका लागि सबै पक्ष र सरोकारवालाहरुको सहयोग प्राप्त हुने विश्वास छ ।' नेपाली नागरिकहरूलाई विदेशबाट मतदाता नामावलीमा नाम दर्ता गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८० को मस्यौदाबारे निर्वाचन आयोगका प्रवक्ता पौडेल भन्छन्, 'मस्यौदामा रहेका विषयहरूमा थपघट गर्न चाहने विदेश वा स्वदेशमा रहेका नेपाली नागरिक, गैरआवासीय नेपाली संघ तथा अन्य सरोकारवालाहरूलाई राय सुझाव उपलब्ध गराउनुहुन अनुरोध छ ।'

सो प्रारम्भिक मस्यौदामा विदेशमा रहेका नेपाली नागरिकको मतदाता नामावलीमा नाम दर्ता गर्नका लागि मुलुक तोकी सो मुलुकको सम्बन्धित कुटनीतिक नियोगबाट दर्ता गर्ने केन्द्र तोक्ने व्यवस्था गरिएको छ । सो मस्यौदामा विदेशमा रहेका नेपाली नागरिकले मतदाता नामावलीमा नाम दर्ता गराउन चाहेमा अनलाइन प्रणालीमार्फत फाराम भरी जैविक (बायोमेट्रिक) विवरण दिन आफूलाई पायक पर्ने स्थान र मिति प्रणालीबाट छनोट गर्न सक्ने उल्लेख छ ।

जैविक विवरण दिएपछि सम्बन्धित व्यक्तिको स्थायी ठेगानामा नाम दर्ता गरिने व्यवस्था कार्यविधिको मस्यौदामा रहेको छ । अनलाइनमार्फत दरखास्त प्रणालीमार्फत आवेदन गरी स्वीकृत भएका तथा ऐनको दफा ६ बमोजिम योग्यता पुगेका व्यक्तिको नाम आवेदनसाथ सम्बन्धित देशको लागि प्राप्त प्रवेशाज्ञा वा श्रम स्वीकृति, बसाइसराइको प्रमाणपत्र वा विवाहित महिलाको हकमा विवाह दर्ताको प्रमाणपत्रको प्रतिलिपि र स्वघोषणापत्र पेस गर्नुपर्ने व्यवस्था गरिएको छ ।

निर्वाचन आयोगले पहिलो चरणमा मध्यपूर्व देशहरूमा बस्ने नेपाली नागरिकलाई मताधिकार प्रदान गरी मतदानको व्यवस्था मिलाउने जनाएको छ । 'पहिलो चरणमा मध्यपूर्व देशहरूमा बस्ने नेपाली नागरिकहरूले मतदान गर्न पाउने व्यवस्थाको लागि तयारी गरिरहेका छौं' निर्वाचन आयोगका प्रमुख आयुक्त दिनेश थपलिया भन्छन्, 'कानुन संशोधनलगत्तै मतदाता नामावली संकलन सुरू हुनेछ। यसलाई संसारभरका विभिन्न देशमा बस्ने नेपाली नागरिकसम्म विस्तार गरिनेछ ।'

अनौपचारिक तथ्यांकका अनुसार ६० लाख नेपाली देशबाहिर विभिन्न मुलुकमा छरिएर रहेका छन् । यो कुल जनसंख्या २ करोड ९१ लाख ९२ हजार ४८० को २० प्रतिशतभन्दा बढी हो । मतदाताको संख्याको कुरा गर्ने हो भने पुग नपुग आधा संख्या हो । कुल खस्ने मतको हिसाब गर्दा यो आधाभन्दा बढी हुन आउने पक्का छ ।

कुल मतदाताको करिब आधाजसो मतदाता मतदानबाट वञ्चित हुने चित्र मेट्न विदेशमा रहेका नेपालीलाई विदेशबाटै भोट हाल्न पाउने गरी मताधिकारका लागि सहजता प्रदान गर्न लागिएको हो । देश बाहिर रहेका मतदाताहरूले देश बाहिरै रहेर पनि आफ्नो मतदान गर्न पाउने अधिकार प्राप्त गर्नुपर्छ भन्ने अधिकारकर्मी र राजनैतिक दलहरूकै पनि आवाज निरन्तर रहिआएको छ । यसको प्रतिफल विदेशबाट मतदानको व्यवस्था गर्न लागिएको हो । यस सम्बन्धमा सर्वोच्च अदालतले पनि बोलिसकेको छ । २०७५ मा सर्वोच्च अदालतले निर्देशनात्मक आदेश जारी गरेको थियो । उक्त निर्देशनात्मक आदेशमा विदेशमा रहेका मतदाताहरूले पनि मतदान गर्न पाउने अधिकार सुनिश्चित गर्न आवश्यक प्रबन्ध गर्नु भन्ने उल्लेख छ । आदेशको पाँच वर्षपछि निर्वाचन आयोगले यस सम्बन्धी आवश्यक तयारी साथ कानुन संशोधनका लागि प्रक्रिया अघि बढाएको देखिन्छ ।

देश बाहिर रहेका मतदाताको मताधिकारको प्रयोग अन्तर्राष्ट्रिय अभ्यासमा पनि छ । यो निकै ऐतिहासिक पनि छ । रोमन साम्राज्यकै पालामा यस खाले मताधिकारको प्रयोग भएको पाइन्छ। रोमन सम्राट अगस्टसकै पालामा रोम सिटी बाहिर रहेका २८ नव स्थापित उपनिवेशहरूका नागरिकहरूले मतदान गर्ने गरेका थिए । यो परम्परा पहिलो र दोस्रो विश्वयुद्धका बेला युद्धमा सक्रिय रूपमा भाग लिएका नागरिकका लागि यो व्यवस्था गर्नु झन जरूरी थियो । यो अभ्यासले पछिसम्म निरन्तरता प्राप्त गरेको थियो ।




न्युजिल्याण्डले समुद्रमा काम गर्ने मानिसका लागि १८९० मा र अष्ट्रेलियाले १९०२ मा युद्धमा खटिएका सैनिकहरूका लागि यो सुविधा उपलब्ध गराएको थियो । बेलायतले पहिलो विश्वयुद्धकै बेला युद्धमा खटिएका सैनिकहरूका लागि र समुद्रमा काम गर्ने कामदारहरूका लागि हुलाकबाट मतदान गर्ने प्रचलन वा प्रोक्सी भोटिङको व्यवस्था समेत गराएको थियो । सन १९८० मा फोकल्याण्ड युद्धका बेला यो व्यवस्था पुनः प्रयोगमा ल्याइएको थियो ।

क्यानडाले पोष्टल भोटिङ, प्रोक्सी भोटिङ वा यस्तै बन्दोबस्त युद्धमा खटिएका सैनिक र उनका नजिकका परिवारका सदस्यका लागि समेत १९१४ देखि १९५५ सम्म नै गरेको थियो । फ्रान्स र बेलायतले आफ्ना उपनिवेशहरूका लागि यो व्यवस्था कायमै राखेका थिए । छिमेकी मुलुक भारतमा विद्यमान कानुनमा संशोधन गरी सन २०१० देखि गैरआवासीय भारतीय (एनआरआई) वा ६ महिनाभन्दा बढी विदेशमा बस्ने भारतीय समेतलाई मतदान गर्ने अधिकार प्रदान गरिएको छ । यसका साथै प्रोक्सी भोटिङको व्यवस्था पनि गरेको छ ।

बंगलादेशमा पोष्टल भोटिङको व्यवस्था छ। इन्डोनेशिया, कोलम्बिया, स्पेन, अर्जेन्टिना, स्वीस, होण्डुरस, अष्ट्रिया, डोमिनिकन रिपब्लिक, कुक आइल्याण्ड लगायतका मुलुकहरूमा यो व्यवस्था कायम रहेको पाइन्छ। दक्षिण अफ्रिका, नामिबिया, प्यालेस्टाइन, बोस्निया हर्जगोभिना, अफगानिस्तान र ग्वाम लगायत देशहरूमा पनि यसको प्रचलन रहेको छ । इन्टरनेशनल आइडिया नामक अन्तरसरकारी संस्थाले सन २०२० को अन्त्यमा प्रकाशित गरेको एक अध्ययनका अनुसार विश्वका २०७ मुलुकमध्ये ७३ प्रतिशतले देश बाहिर रहेको बेला मतदान गर्न पाउँछन् । यसलाई आउट अफ कन्ट्री भोटिङ (ओसीभी) अवलम्बन गरेका र २७ प्रतिशतले भने अवलम्बन नगरेको भन्ने देखाएको छ ।

विश्वका ७३ प्रतिशत मुलुकले विदेशमा रहेका मतदातालाई पनि मतदानको अधिकार दिएका छन् भने नेपाल ती मुलुकमध्येको सूचीमा किन पर्न सक्दैन ? भनी उठ्दै आएको प्रश्नलाई आगामी चुनावमा मेट्ने गृहकार्य अगाडि बढेको हो ।

अब विदेशमा रहेका मतदातालाई मताधिकार दिने व्यवस्थालाई सुनिश्चित गर्न नेपाली नागरिक को हुन, को हैनन् पहिचान गर्ने कुरा पहिलो प्राथमिकतामा राख्नुपर्दछ । मतदाता नामावली अद्यावधिक गर्ने र वैध मतदाताले मतदानमा भाग लिन पाउने सुनिश्चित गर्ने कुरा पनि उत्तिकै महत्वपूर्ण छन् । विदेशमा रहेर पनि मतदान गर्न पाउने अधिकार केवल कुनै मुलुकले स्वीकार गर्ने वा नगर्ने विषय मात्रै नभएर मतदान गर्ने अधिकार र निर्वाचित हुने अधिकारको विषय मानवअधिकारको विश्वव्यापी घोषणापत्रद्वारा प्रत्याभूत गरिएको मानवअधिकारको विषय पनि हो । कानुन निर्माण गर्दै गर्दा यसलाई पनि आत्मसात गर्न आवश्यक छ । ■







